जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक २४९ • २०८२ साल माघ २३ गते शुक्रबार (6 February, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## राास्वपाका उम्मेदवार चढेको गाडीबाट बालिकाको मृत्यु

संजय मिश्रा

गौर । रौतहट निर्वाचन क्षेत्र नम्बर-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सगिर आलम सवार गाडीको ठक्करबाट एक ४ वर्षीया बालिकाको मृत्यु भएको छ । दुर्घटनापछि उम्मेदवार आलम र गाडी चालक फरार रहेको रौतहट प्रहरीले जनाएको छ ।

दुर्घटना ईशनाथ नगरपालिका-४ स्थित मठिया टोलमा भएको उम्मेदवार आलम चढेको गाडीले ठक्करबाट बालिका अलसा खातुनको मृत्यु भएको थियो ।



स्थानीयवासीले जनाए अनुसार सडक छेउमा रहेको बालिकालाई तीव्र गतिमा आएको गाडीले ठक्कर दिएको थियो । गम्भीर घाइते भएकी बालिकाको घटनास्थलमै मृत्यु भएको रौतहट प्रहरीले पुष्टि गरेको छ ।

उनी स्थानीयवासी शेख साजिरकी छोरी रहेको रौतहट प्रहरीले जनाएको छ। स्थानीयवासीले दुर्घटना भएपछि यहाँका वासीहरु थप आक्रोश सिर्जना गरेको छ।

रौतहट प्रहरी स्रोतले जनाए अनुसार बा १५ च ४२४४ नम्बरको क्रेटा गाडीले बालिकालाई ठक्कर दिएको छ । दुर्घटनापछि गाडीमा सवार रास्वपा उम्मेदवार सगिर आलम र चालक घटनास्थलबाट फरार भएका छन् ।

रौतहट प्रहरीले दुर्घटनामा संलग्न गाडी नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र फरार रहेका व्यक्तिहरूको खोजी तीव्र पारिएको जनाइएको छ ।

घाइते बालिकालाई अस्पताल छाडेर चालक फरार भएका थिए । त्यसपछि बालिका खातुनलाई थप उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिएको थियो । गौरमा चिकित्सकले बालिकालाई मृत घोषणा गरेको रौतहट प्रहरीले जनाएको छ ।

फरार चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद बस्यालले जानकारी दिए । उक्त घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

### एकै दिनमा चुनाव हुने दाबी

## प्रधानमन्त्री कार्की र अध्यक्ष ओलीबीच गोप्य भेटघाट

टुडे समाचारदाता

काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको मितिबारे प्रधानमन्त्री सुशीला कार्कीले छिनछिनमा बोली फेर्दै आएकी छन् । तर यसैबीच नेकपा एमालेका अध्यक्षसमेत रहेका निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसंगको गोप्य भेटले तरंग ल्याएको छ ।

केही समयअघि एकै चरणमा निर्वाचन हुने भन्दै जंगिएकी प्रधानमन्त्री कार्कीले बुधबार नेपाली सेनाको एक कार्यक्रममा मौसमको नाममा हिमाली जिल्लामा गरी दुई चरणमा निर्वाचन हुने भनेकी थिइन् ।

तर एक दिन नबित्दै मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेस अनुगमनपछि प्रधानमन्त्री कार्कीले बिहीबार संचारकर्मीहरुसंग कुराकानी गर्दै तोकिएकै मितिमा निर्वाचन हुनेमा ढुक्क हुन आग्रह गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले निर्वाचन एकै चरणमा हुने भन्दै सबैलाई ढुक्क रहन आग्रह गरिन् । निर्वाचनका बेला सबै भूगोलमा मौसमसमेत अनुकूल रहने विश्वास व्यक्त गरिन् । उनले सबै मतदाताले निर्वाध रूपमा मतदान गर्न पाउने प्रस्ट्याइन् । निर्वाचनपछि निर्वाचित प्रतिनिधि सभालाई सरकार हस्तान्तरण गरी आफूहरू घर फर्किने पनि उनको भनाइ छ ।





केही दिन अघि पूर्वी नवलपरासीको हात्तिखोरस्थित नेपाली सेनाको ब्यारेकमा राष्ट्रिय सेवादल (एनसिसी) द्वारा आयोजित विद्यार्थीहरूको तालिम समापन समारोहमा पुगेका बेला प्रधानमन्त्री कार्कीले हिमाली जिल्लामा अत्यधिक चिसो बढेमा दोस्रो चरणमा निर्वाचन गरिने बताइन् ।

एकातर्फ निर्वाचन हुनेमा ढुक्क रहनका लागि मतदातालाई निश्चिन्त हुन आग्रह गरिरहँदा गुपचुप रुपमा अध्यक्ष ओली प्रधानमन्त्री कार्कीलाई भेटेका छन् ।

विभिन्न खाले अड्कलवाजी गर्दै निर्वाचनको क्रममा कुनै पनि किसिमको धाँधली नहुने आरोप लगाउँदै प्रधानमन्त्री कार्कीविरुद्ध अघिल्लो दिन एमालेले 'फायर' खोलेको थियो ।

जेन-जी आन्दोलनपछि सत्ता छाडेर सुरक्षित आश्रयस्थलतर्फ लागेका एमाले अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीले एक महिनाभित्रै केन्द्रीय कमिटीको बैठक डाके । ललितपुरको एक पार्टी प्यालेसमा सम्पन्न भएको उक्त बैठकले संसद पुनर्स्थापना हुनुपर्ने निर्णय गर्दै कार्की नेतृत्वको सरकारलाई असंवैधानिक र विदेशी शक्तिको इशारामा चलेको आरोप लगाएको थियो । तीन दिनसम्म चलेको उक्त बैठक सम्पन्न गरेपछि अध्यक्ष ओलीले एमालेले नहुने चुनावको कुरा नगरेको दाबी गरे ।

एमाले चुनावभन्दा पनि संसद पुनर्स्थापनामा जोड दिदैं आएको थियो । तर बिस्तारै मुलुक चुनावतर्फ मोडिएको छ । पुस १४ मा सबै दलहरूले निर्वाचन आयोगले दिएको समयावधिमा आफ्नो दलको तर्फबाट समानुपातिक उम्मेदवारको सूची बुझाएका थिए । माघ ६ मा एमालेलगायतका दलले जस्तै एमालेले पनि देशभरका १६५ निर्वाचन क्षेत्रमा आफ्ना दलका उम्मेदवार मनोनयनमा पठाएको थियो ।

यसअघि एमालेका नेताहरूले 'चुनावको सुरक्षा' को सवाल उठाउँदै आएका थिए ।

एमाले संसद पुनर्स्थापना बारेमा सर्वोच्च अदालतमा परेको रिटमाथि सुनुवाइ नभएको भन्दै अदालतप्रति आक्रोश उनले पोखेका थिए ।

चुनाव परिचालन कमिटीमा संयोजक समेत रहेका उपाध्यक्ष रामबहादुर थापा (बादल)ले त सेनाको ब्यारेकमा मतपेटिका राखेर अदलबदल गर्न सक्ने र सरकारले आफूले चाहेको मान्छेलाई जिताउन सक्ने खेल भइरहेको आशंका समेत व्यक्त गरे ।

अकस्मात् प्रधानमन्त्री कार्की र अध्यक्ष ओलीबीचको भेटवार्तालाई निकै अर्थपूर्ण भेट मानिएको छ । उनीहरुबीच के कुराकानी भयो भन्ने बारेमा प्रधानमन्त्रीको सचिवालय र एमाले पार्टीले पनि आधिकारिक वक्तव्य सार्वजनिक गरिएको छैन ।

### जनजीविकाको सवालमा उम्मेदवारको मौनता

## चुनावको मौका छोप्दै व्यापारी, महँगियो खाद्यान्नको भाउ


टुडे समाचारदाता

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको प्रचारप्रसारमा उम्मेदवारहरु लागिपरेका छन् । उनीहरुले मतदातालाई विभिन्न खाले सपनाहरु पनि बाँडिरहेका छन् । कोही भावी प्रधानमन्त्रीको रुपमा मतदातालाई रिझाउने गरेका छन् । भने केही उम्मेदवारले सस्तो लोकप्रियताका लागि सामाजिक सञ्जालका विभिन्न माध्यमबाट मतदातालाई दिग्भ्रमितसमेत पार्ने काम भइरहेको छ ।

तर अर्कोतर्फ मतदाताका लागि आधार भूत पर्ने गास, बास, कपाससहितका खाद्यान्न सामग्रीहरुको मूल्य आकाशिर्दै गएको छ ।

जतिजति निर्वाचन नजिकिर्दै जाँदा खाद्यान्न सामग्रीहरुको मूल्यको भाउ बढिरहदाँ पनि उम्मेदवारहरुले भने यसतर्फ ध्यान नदिएको गुनासो मतदाताले गर्न थालेका छन् ।

खाद्यान्न व्यापारीहरु चुनावको मौका छापेर नुन, खानेतेल, चामल, दाललगायतका उपभोग्य वस्तुको भाउ एक्कासी बढाउन थालेका छन् । उनीहरुले चुनावको मिति नजिकिएसंगै दाल, चामल, तेललगायत उपभोग्य वस्तुको मूल्य धमाधम बढाउन थालेको भन्दै एक सेवाग्राहीले गुनासो गरे ।



आपूर्तिमा कुनै गडबडी नभए पनि व्यापारीहरुले चामलको मूल्य दुई सातामै बोरामा दुई सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म बढाएका छन् । व्यापारीले कतरनी चामल २५ किलोग्राम बोराको २ हजार २ सय रुपैयाँभन्दा धेरै लिन थालेका छन् । चामलको भाउ ब्राण्ड अनुसार फरक पर्छ ।

त्यस्तै तेलको भाउ पनि एक महिनामा कार्टुनको ३ सय रुपैयाँसम्म वृद्धि भएको बताइन्छ । सूर्यमुखी तेलको उपभोक्ता मूल्य प्रतिकार्टुन २६ सय रुपैयाँ पुगेको छ । माघ लागेपछि आयातकर्ता र उद्योगबाटै तेल र चामलको भाउ बढेर आएको स्थानीय व्यापारीहरु बताउँछन् ।

साल्ट ट्रेडिंग कार्पोरेसनका बजार प्रबन्धक प्रज्वल प्रधानले अहिले हरेक दिन खाद्यान्नको भाउ बढिरहेको जानाकरी दिए । उनले चामल र तेलको भाउ सबैभन्दा धेरै बढिरहेको बताए ।

सूर्यमुखी तेल एक महिनाअघि प्रति लिटर २५० रुपैयाँ किनेका उपभोक्ताले अहिले २८० रुपैयाँसम्म तिनुपरिरहेको छ । प्रति लिटर भटमास तेल २७० र तोरीको तेल ३०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ । प्रधानले भने, 'रहर र मासको दालको मूल्य पनि केजीमा २० रुपैयाँसम्म बढेको छ ।'

नेपाल खुद्रा व्यापार संघका महासचिव अमुलकाजी तुलाधरले पनि चामलको भाउ बोरामा ५०० रुपैयाँ र तेलको मूल्य प्रति लिटर ५० रुपैयाँसम्म बढेको जनाए ।

'आयातकर्ता र उद्योगीले नै केही खाद्यान्नको भाउ बढाएका छन् । उत्पादक र आयातकर्ताले नबढाएको अवस्थामा हामी खुद्रा व्यापारीले बढाउन सक्दैनौं, उनले भने, समय अनुसार मूल्यवृद्धि हुनु स्वाभाविक हो । तर अहिले बजारमा खाद्यान्न स्टक हुँदाहुँदै भाउ दिनदिनै बढिरहेको छ, जुन अस्वाभिक हो ।'

आयातकर्ता र उद्योगीले भाउ एकाएक किन बढाए भन्नेबारेमा खुद्रा व्यापारीसंग जवाफ छैन । तैपनि उनीहरुले चुनावका कारण भाउ बढाइएको भन्ने आशंका गर्न थालेका छन् ।

यसअघि पनि चुनावका बेला खाद्यान्नको भाउ बढाउने गरिएको थियो । तर यसपालि पनि अचानक मूल्य बढेकाले चुनाव नै कारण त होला नि, स्थानीय अखिलेश कर्णले भने, हाल बजारमा सामानको अभाव छैन । ठूला व्यवसायीले चुनावका लागि चन्दा दिन खाद्यान्नको भाउ बढाएको हुनसक्ने जनकपुरधाम वडा नम्बर ७ का व्यवसायी राकेश साहले बताए ।

चुनाव नजिकिएसंगै नेपाल-भारत सीमावर्ती क्षेत्र अवस्थित सुरक्षाकर्मीको गस्ती पनि बढेको छ । सीमानाकाबाट तस्करी गर्नेहरुलाई खाद्यान्न सामग्री ओसारपोसारमा कठिनाइ भएसंगै उक्त सामग्रीहरुको भाउ पनि बढाइएको छ ।

एक व्यापारीले नाम नबताउने सर्तमा भने, 'सीमानाकामा प्रहरीको बाक्लो उपस्थिति हुन थालेपछि अहिले पायापारबाट खाद्यान्नलगायतका सामग्रीहरु ल्याउन कठिनाइ भइरहेको छ, दुबैतर्फका सीमानाकामा मिलाउनुपर्ने भएकाले सामग्रीहरुको मूल्य पनि आकाशिएको छ, त्यसैले हामीले पनि पाँच रुपैयाँसम्म महँगो गरी बेच्नुपर्ने बाध्यता छ ।'

'अहिले विस्तारै विस्तारै गस्तीहरु पनि बढ्न थालेपछि सीमानाकाहरु पनि बन्द हुन्छ, त्यसपछि त यतातिर झनै सामग्रीहरुको पनि झनै समस्या उत्पन्न हुन्छ, त्यही भएर अहिलेदेखि नै हरेक सामग्रीहरुको भाउ बढेको छ', उनले भने ।

जनताको जनजीविकाको सवालमा भने उम्मेदवारहरु मौन देखिएका छन् । विकास निर्माणका कुराहरु गरेर नथाक्ने नेता उम्मेदवारहरुले मतदाताका दैनिकी जीवनयापनबारेमा नसोचिदिँदा र नबोलिदिँदा अहिले पनि मतदाता निर्वाचनप्रति खासै आकर्षित हुन सकेको छैन ।

उनीहरु अझै पनि दैनिकी जीवनयापन टार्नकै लागि विभिन्न सानादेखि ठूलासम्मका काम गरेर गुजारा टार्ने गरेका छन् । गाईवस्तुदेखि खेतीपातीमै व्यस्त रहने कृषक तथा किसानहरु अझै पनि चुनावभन्दा मलखाद र खाद्यान्न सामग्रीहरु कसरी जुटाउनेमै चिन्तित छन् ।

जनकपुरधाम- १२ स्थित कुवारामपुरका सुजीत पाठकले निर्वाचन हुने निश्चित भएपछि खाद्यान्न सामग्रीहरुको मूल्य भाउ बढ्नु अस्वाभिक नभए पनि दिनहुँ खाद्यान्न सामग्री जीवनयापन टार्ने हामीजस्ता निमुखाका लागि पनि उम्मेदवारहरुले आवाज उठाइदिनुपर्ने बताए ।

त्यस्तै जनकपुरधाम- ४ का ललन साहले जनजीविकोपार्जनका लागि नेता उम्मेदवार हरुले एजेण्डा बनाएर राहत उपलब्ध गराउनुपर्ने माग गरे ।



# महोत्तरीको चारवटै क्षेत्रमा बेस क्याम्प

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली सेना र सशस्त्र प्रहरी बलले आउंदो फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण र सुरक्षित रूपमा सम्पन्न गराउने उद्देश्यसहित महोत्तरी जिल्लाका चारै निर्वाचन क्षेत्रमा सुरक्षा बेस स्थापना गरेको छ ।

सुरक्षा बेस स्थापना भएसँगै जिल्लाभर निर्वाचन लक्षित सुरक्षा व्यवस्था थप मजबुत बनाइएको सशस्त्र प्रहरीसँगको सहकार्यमा संयुक्त गस्ती तीव्र बनाइएको जानकारी दिएका छन् ।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं. ९ गणका एसपी शेरबहादुर अधिकारीले एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार महोत्तरीका चारै निर्वाचन क्षेत्रमा सुरक्षा बेस स्थापना गरी सशस्त्र प्रहरी परिचालन गरिएको बताए । निर्वाचन क्षेत्र नं. १ को बर्दिबासस्थित गौरीडाँडा, क्षेत्र नं. २ को बलवा-७ बनौटा, क्षेत्र नं. ३




प्रहरीले जनाएको छ । बिहीबारदेखि नै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सहभागितामा संयुक्त सुरक्षा गस्तीसमेत सुरु गरिएको छ ।

नेपाली सेनाको परिकौलीस्थित गोरख गणका गणपति प्रमुख सेनानी रामप्रसाद लामिछानेका अनुसार निर्वाचन क्षेत्र नं. १ अन्तर्गत बर्दिबासको गौरीडाँडा, क्षेत्र नं. २ को बलवा धमौरा, क्षेत्र नं. ३ को जलेश्वर र क्षेत्र नं. ४ को रामगोपालपुरमा सैनिक सुरक्षा बेस स्थापना गरी सुरक्षा परिचालन भइरहेको छ ।

प्रमुख सेनानी लामिछानेले सुरक्षा बेस स्थापना भएपछि नेपाल प्रहरी र सशस्त्र को मलिवारास्थित सीमा सुरक्षा गुल्म जलेश्वर तथा निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत सोनमा गाउँपालिकाको सीमावर्ती वडा नं. ३ रघुनाथपुरमा सुरक्षा बेस खडा गरिएको जनाइएको छ ।


ती बेसबाट एकल तथा संयुक्त सुरक्षा गस्ती सञ्चालन भइरहेको छ भने निर्वाचन अधिकृतका कार्यालयहरूलाई समेत सुरक्षा घेरामा राखिएको छ ।

नेपाल प्रहरीले भने थप सुरक्षा बेसको आवश्यकता नरहेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी हेरम्ब शर्माका अनुसार जिल्लाभर रहेका इलाका प्रहरी कार्यालय, थाना तथा चौकीबाटै निर्वाचन सुरक्षाका लागि प्रहरी परिचालन गरिएको जनाएको छ ।

# क्रमश: तातेको चुनावी माहोल

**विगतमा कांग्रेसले जितेको यसक्षेत्रमा हाल उक्त पार्टीबाट ठूला नेता नभए पनि युवा नेता उम्मेदवार रहेको र गगन थापाकै उत्तराधिकारीका रुपमा प्रस्तुत भएकाले आफूले पुन:जित्ने अपेक्षा लिएको छ । एमालेले विगतकै उम्मेदवारलाई पुन:प्रस्तुत गरेको, साङ्गठनिक स्थिरता र जनतामा परिवर्तनका चाहना हुने भएकाले आफ्नो पक्षमा परिणाम आउने विश्वास गरेको छ ।**

काठमाण्डु । "युवाका लागि अवसर सिर्जना हुनुपर्छ । शिक्षा र स्वास्थ्यसम्बन्धी सुविधा सहज र सरल हुनुपर्छ", काठमाडौँ क्षेत्र नं ४ का मतदाता स्नेहा दाहालले रासससँगको कुराकानीका क्रममा भन्नुभयो, "हामीले जिताउने जनप्रतिनिधिले यी विषयमा काम गर्नसक्ने हुनुपर्छ ।" दाहालका यी अपेक्षा अधिकांश मतदाताका अपेक्षासँग मिल्न सक्छन् । उम्मेदवारहरुले निर्धारण गर्दै गरेका कार्यसूचीमा पनि यी विषय पर्न थालेका छन् ।



मतदाताका अपेक्षा र उम्मेदवारका प्रतिबद्धतासँगै क्रमिक रुपमा चुनावी वातावरण बढ्दो छ । विगतदेखि नै राजनीतिक चर्चाकै केन्द्रमा रहँदै आएको काठमाडौँ निर्वाचन क्षेत्र नं ४ काठमाडौँ महानगरपालिकाका चार वटा र बूढानीलकण्ठ नगरपालिकाको १२ वटा वडा समेटिएको छ । यस क्षेत्रमा अन्य क्षेत्रमा झैँ पुराना, नयाँ राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारबीच यस क्षेत्रमा हुने प्रतिस्पर्धा बहुआयामिक देखिएको छ ।आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यस क्षेत्रबाट १८ राजनीतिक दल र १० स्वतन्त्र गरी २८ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । गत दुई निर्वाचनमा नेपाली कांग्रेसका वर्तमान सभापति गगन थापाले विजय हासिल गरेको यो क्षेत्र यसपटक उहाँले सर्लाही क्षेत्र नं ४ बाट उम्मेदवारी दिएकाले पनि चर्चाकै केन्द्रमा रहेको हो ।

त्यसो त परम्परागत ठूला दलकैबीचमा आफ्नै खालको प्रतिस्पर्धा छँदैछ । यस क्षेत्रमा यसपटक नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले गत निर्वाचनका प्रत्यासी डा राजन भट्टराईलाई नै उम्मेदवार खडा गरेको छ, भने नेपाली कांग्रेसले सभापति थापाको बिँडो थमाउने सोचका साथ नयाँ उम्मेदवार सचिन तिमल्सेनालाई उठाएको छ । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले पुकार बमलाई टिकट दिएको छ । उहाँ यसअघि काठमाडौँ निर्वाचन क्षेत्र नं ८ र १ बाट चुनाव लड्नुभएको थियो ।

त्यसबाहेक नेपाली कम्युनिष्ट पार्टीका इन्द्रकुमार भुसाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका डा सुरेन्द्रराज भण्डारी, राष्ट्रिय जनमोर्चाका छविबहादुर खनाल, नेपाल मजदुर किसान पार्टीका आशालाल श्रेष्ठ, राष्ट्रिय जनमुक्ति पार्टीका चेतबहादुर आले, मङ्गोल नेशनल अर्गनाइजेसनका सीता तामाङ, मितेरी पार्टी नेपालका प्रेमकुमार राई, नेपालका लागि नेपाली पार्टीका श्यामकुमार भट्टराई खत्री, प्रगतिशील लोकतान्त्रिक पार्टीका दत्त बुढा, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टीका मुस्कान पौडेल, जय मातृभूमि पार्टीका राजन पुरी, श्रम संस्कृति पार्टीका बरुण अमात्य, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का करिष्मा खरेल, उज्यालो नेपाल पार्टीका झनकबहादुर अधिकारी, जनादेश पार्टी नेपाल (एकल चुनाव चिन्ह) केम्शसिंह उम्मेदवार हुनुहुन्छ ।

यस्तै, स्वतन्त्रबाट मदनदेव आचार्य, पुजन गजुरेल, अर्चनशमशेर राणा, विनोदबाबु प्रधान, डा दीपेन्द्रकुमार काफ्ले, केदारबहादुर कार्की, मनोज अधिकारी, आशिष श्रेष्ठ, सञ्जीव दर्जी, देवराज पौडेल उम्मेदवार रहनुभएको छ। यहाँ कूल उम्मेदवारमध्ये दुई जना मात्र महिला रहेका छन् । काठमाडौँ महानगरपालिकाको वडा नं १ ७, ८ र ३० वडा तथा बूढानीलकण्ठ नगरपालिकाका १, २, ८, ९, १०, ११, १२ र १३ वडा पर्ने यस क्षेत्रमा कूल ७६ हजार १४१ मतदाता रहेका छन् । जातजातिगत आधारमा यस क्षेत्रमा मिश्रित जनसङ्ख्या रहेको छ ।

पेसागत रुपमा यस क्षेत्रमा मध्यम तथा बौद्धिक वर्ग, कर्मचारी, व्यवसायी र मजदुर वर्गको बसोबास रहेको छ । यस क्षेत्रमा नक्साल भगवती, कुमारीगाल, गौशाला, डिल्लीबजार, ज्ञानेश्वर, चपली, मण्डिखाटार, कपन, पैयाटारलगायत क्षेत्र पर्दछन् । यस क्षेत्रमा निर्वाचन आयोगबाट खटिनुभएका निर्वाचन अधिकृत कृष्णा भण्डारीका अनुसार यस क्षेत्रमा कूल ३३ मतदानस्थल र ८८ मतदान केन्द्र रहेका छन् । उहाँले उम्मेदवारी मनोनयनअघि निर्वाचनका लागि भाग लिन दर्ता कायम रहेका र त्यस क्षेत्रमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरेको र आफूहरुले सबै मतदानस्थलको अवलोकन गरी स्थानीय तह/सुरक्षा निकायसँग आवश्यक समन्वय गरेको बताउनुभयो । निर्वाचन प्रचारप्रसारको घोषित समय (फागुन ४ देखि १८) सम्म आउन बाँकी रहेकाले हाल क्षेत्रमा चुनावी सरगर्मी तीव्र भइनसकेको उहाँको भनाइ छ ।

काठमाडौँ उपत्यकाका सहरी निर्वाचन क्षेत्रमा प्रायः उस्तैउस्तै चुनावी मुद्दा र मतदाताका अपेक्षा देखिन्छन् । क्षेत्र नं ४ मा पनि एकीकृत सहरी विकास, सहरी व्यवस्थापन, सुकुम्बासी समस्या, नदी र सम्पदा सफाइ तथा संरक्षण, पार्किङ, ढल तथा खानेपानी व्यवस्थापन आदि यस क्षेत्रका मुख्य मुद्दा देखिन्छन् । कपनको बाढी नियन्त्रण, कालोपुल-गौरीघाट टनेल निर्माणका लागि सम्भाव्यता अध्ययन, गुह्येश्वरी-तिलगङ्गाको अवरुद्ध बाटो खोली यातायातलाई सहज बनाउने पनि उम्मेदवारका प्राथमिकता देखिन्छन् ।

प्रजातन्त्र पुनःस्थापनापछिको अवस्थालाई हेर्दा यस क्षेत्रमा सङ्घीय संसद्मा २०४८ सालमा एमालेका साहना प्रधान, २०५१ र २०५४ मा पद्मरत्न तुलाधार, २०५६ मा कांग्रेसका प्रेमलाल सिंह र २०६४ मा कांग्रेसकै सुप्रभा घिमिरे निर्वाचित हुनुभएको थियो । संवत् २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका गगनकुमार थापा विजय हासिल गर्नुभयो । पछिल्ला दुई प्रदेशसभा सदस्य निर्वाचनमा दुई/दुई स्थान कांग्रेस र एमालेका उम्मेदवारले जितेका थिए । पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेता थापाले २१ हजार ३०२ मतसहित एमालेका डा भट्टराईलाई पराजित गर्नुभएको थियो ।

समानुपातिकतर्फ गत २०७९ को निर्वाचनमा यस क्षेत्रमा नेपाली कांग्रेसको ११ हजार ८०८, एमालेको १० हजार ५६० मत रहेको थियो । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले नौ हजार ४०१ र राष्ट्रिय प्रजातन्त्र पार्टीले छ हजार ८८१, तत्कालीन नेकपा (एकीकृत समाजवादी) ले एक हजार ७१३ मत र तत्कालीन नेकपा (माओवादी केन्द्र)ले एक हजार ५६४ मत ल्याएको थियो ।एमालेका डा भट्टराईले १३ हजार ८५५ मत प्राप्त गर्नुभएको थियो । त्यसबेला तत्कालीन नेकपा (माओवादी केन्द्र) तथा हालको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले कांग्रेससँग तालमेल गरेको थियो भने राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रहेका थिएनन् ।

विगतमा कांग्रेसले जितेको यसक्षेत्रमा हाल उक्त पार्टीबाट ठूला नेता नभए पनि युवा नेता उम्मेदवार रहेको र गगन थापाकै उत्तराधिकारीका रुपमा प्रस्तुत भएकाले आफूले पुनःजित्ने अपेक्षा लिएको छ । एमालेले विगतकै उम्मेदवारलाई पुनःप्रस्तुत गरेको, साङ्गठनिक स्थिरता र जनतामा परिवर्तनका चाहना हुने भएकाले आफ्नो पक्षमा परिणाम आउने विश्वास गरेको छ । सङ्गठनात्मक पकड बलियो नभए पनि नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पनि आफूलाई सशक्त प्रतिस्पर्धीका रुपमा उभ्याएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले युवा उम्मेदवार अघि सारेको र राष्ट्रिय रुपमा आफ्नो पक्षमा माहोल देखिएकाले आफू बलियो भएको जिकिर गरेको छ ।

अहिलेसम्मको निर्वाचन परिणामको स्थितिलाई हेर्दा यिनै चार/पाँच उम्मेदवारले जनताको मत बढी पाउने देखिएको छ । अन्य साना दल र स्वतन्त्र उम्मेदवारले ठूला दलका कुन उम्मेदवारको कति मत काटछन् भन्ने अहिले नै भन्न सकिने स्थिति छैन । समग्रमा यसपटक यहाँ मुख्य नेतृत्व परिवर्तन, नयाँ दलको उदय र स्वतन्त्र उम्मेदवारको सङ्ख्याले चुनावी समीकरण फरक हुनसक्ने सङ्केत देखिएको छ । स्थानीय मुद्दा, उम्मेदवारको व्यक्तिगत छवि र मतदातासँगको प्रत्यक्ष सम्पर्क नै जितको मुख्य आधार बन्ने ठानिएको छ ।

यस क्षेत्रका एमालेका उम्मेदवार एवं सो पार्टीका सचिव डा भट्टराईले राष्ट्रिय स्वाधीनता र समद्धिको नीति, नेतृत्व र परिणामका आधारमा युवाको रोजाइमा आफ्नो पार्टी रहेको बताउनुभयो । उहाँले यसपटक मतदाता तहबाटै आफूलाई उम्मेदवार बन्न आग्रह आएकाले प्रतिस्पर्धामा उत्रिएकाले बताउँदै सङ्गठनात्मक आधारका कारण आफूहरुले विजय हासिल गर्ने बताउनुभयो । एमालेले यही माघ १० गते काठमाडौँ उपत्यकाकै निर्वाचन परिचालन कमिटी एकैसाथ घोषणा गरी प्रचार सुरु गरेको थियो । यस्तै अन्य दल र उम्मेदवारले पनि आफ्नो तयारीलाई अघि बढाएका छन् ।

कांग्रेसले यस क्षेत्रमा यही माघ १७ गते सभापति थापाकै उपस्थितिमा निर्वाचन परिचालनसम्बन्धी भेला आयोजना गरेर निर्वाचन प्रचारको थालनी गरेको छ । नेपाली कांग्रेसका उम्मेदवार तिमल्सेनाले 'युथ फर चेन्ज' को नारा अघि सार्दै सभापति थापा सर्लाहीबाट उठेको सन्दर्भलाई थापाकै उत्तराधिकारीका रुपमा आफू आएको जिकिर गर्दै निर्वाचन केवल अनुहार फेर्ने माध्यम होइन, यो कार्यशैली र नतिजा फेर्ने अवसर भएकाले सुशासन, प्रविधिमैत्री सेवा र जनउत्तरदायी राज्य प्रणाली आफ्ना मुख्य प्राथमिकता भएको बताउनुभयो ।रासस

# आगामी निर्वाचनका लागि सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि जारी

काठमाण्डु । निर्वाचन आयोग नेपालले आगामी निर्वाचनलाई लक्षित गर्दै 'सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२' जारी गरेको छ ।




निर्वाचन प्रचारप्रसारको अवधि तथा मतदानको दिन सवारीसाधनको प्रयोगलाई व्यवस्थित, मर्यादित र नियन्त्रित बनाउन उक्त कार्यविधि लागू गरिएको आयोगले जनाएको छ । राजनीतिक दल, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले निर्वाचन प्रयोजनका लागि प्रयोग गर्ने सवारीसाधनको अनुमति प्रक्रिया स्पष्ट पार्न आवश्यक भएकाले कार्यविधि जारी गरिएको हो ।

आयोगबाट यही माघ २० गते स्वीकृत कार्यविधिअनुसार राजनीतिक दल, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले सवारीसाधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृतसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकिएको सीमाभित्र रही अनुमतिपत्र जारी गर्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनका उम्मेदवारले बढीमा दुईवटा दुईपाङ्ग्रे, तीनपाङ्ग्रे वा चारपाङ्ग्रे (विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने) हलुका सवारीसाधन प्रयोग गर्न पाउनेछन् । यस्ता सवारीसाधन सञ्चालन नहुने स्थानमा बढीमा चारवटा घोडा प्रयोग गर्न सकिने व्यवस्था छ ।

यस्तै, स्थानीय तह निर्वाचनका हकमा महानगरपालिका तथा उपमहानगरपालिकाका प्रमुख वा उपप्रमुखका उम्मेदवारले बढीमा दुईवटा हलुका सवारीसाधन प्रयोग गर्न पाउनेछन् । नगरपालिका प्रमुख, उपप्रमुख तथा गाउँपालिका अध्यक्ष वा उपाध्यक्षका उम्मेदवारलाई एउटा हलुका सवारीसाधन प्रयोग गर्न अनुमति दिइनेछ ।

वडाअध्यक्ष तथा वडा सदस्यका उम्मेदवारले भने उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी एउटा सवारीसाधन प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । सवारीसाधन सञ्चालन नहुने स्थानमा गाउँपालिका वा नगरपालिकाका प्रमुख तथा उपप्रमुखका लागि दुईवटा र वडा तहका उम्मेदवारका लागि एउटा घोडा प्रयोग गर्न सकिनेछ ।

निर्वाचन प्रचारप्रसारका लागि प्रयोग हुने सवारीसाधनको अनुमतिपत्र जारी गर्दा मौन अवधिमा सवारीसाधन प्रयोग गर्न नपाइने जानकारी अनिवार्य रूपमा गराउनुपर्ने व्यवस्था गरिएको छ । कार्यविधिमा मौन अवधि मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदान सम्पन्न नभएसम्मको समयावधिलाई जनाइएको छ ।

अनुमतिपत्र नलिई सवारीसाधन प्रयोग गरेमा वा मौन अवधिमा अनुमति प्राप्त सवारीसाधन प्रयोग गरेमा त्यस्ता सवारीसाधन नियन्त्रणमा लिई निर्वाचन समाप्त भएपछि मात्र फिर्ता गरिनेछ । यस सम्बन्धमा जिल्ला आचारसंहिता अनुगमन समितिले नियमित अनुगमन गरी उल्लङ्घन देखिएमा स्थानीय प्रशासनलाई सवारीसाधन नियन्त्रणमा लिन निर्देशन दिनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ ।

मतदानको दिन अनुमति प्राप्त सवारीसाधनबाहेक अन्य कुनै पनि सवारीसाधन सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको छ। रासस

# आचारसंहिताको पालना गर्दै निर्वाचनलाई मानवअधिकारमैत्री बनाउन आग्रह

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ ।

आयोगले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा मानव अधिकारको अवस्थाको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरिरहेको उल्लेख गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आग्रह गरेको हो ।आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार आयोगले आज निर्वाचनमा पर्यवेक्षण गर्ने विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग अनुगमन/पर्यवेक्षणको प्रभावकारिताको सम्बन्धमा गरेको छलफलमासहभागीहरुलेनिर्वाचनलाई मानव अधिकारमैत्री बनाउनुपर्नेमा जोड दिएका छन् ।

आयोगको अनुगमनबाट राजनीतिक दलका केही नेताहरू र उम्मेदवारहरुले एक अर्को दल, नेता र उम्मेदवारप्रति अमर्यादित भाषा प्रयोग गरी घृणाजन्य अभिव्यक्ति दिएको, अरुको मर्यादामा आँच आउने प्रकृतिका सामग्री उत्पादन गरी डिजिटल प्रविधिको माध्यमबाट प्रचारप्रसार गरिएको, मतदाताहरूलाई कुन दल/नेतालाई भोट दिने ? भनी प्रश्न सोध्ने र त्यसलाई भिडियो/अडियो रेकर्ड गराई सामाजिक सञ्जालमा राखी मतदाताको गोप्य मतदानको अधिकार र गोपनियताको हक उल्लङ्घन गरको पाइएको छ ।रासस

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०९/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : साधवी साध्या**
**सिम्बोल नं.: ४५७४४**
**रजिष्ट्रेशन नं.: ७७१७०९१८०**
**ठेगाना:जि.ध. जनकपुरधाम-२**
**मो.नं. ९८५४०२९२११**

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. २४, पापमोचनी मंदिर नजिक हजुर आमाको घरमा Parking गरिराखेको अवस्थाबाट मिति २०८२/०९/२२ गते म.प्र.-०२-००८-प. २५३१ नम्बरको रातो रंगको ईन्जिन नं. DE4ER2X00024 चेचिस नम्बर MD684KE45R2E00187 को टिभिएस कम्पनीको Apache RTR 160cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः आदित्य कुमार साह**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-७, धनुषा**
**मो. नं. ९८४२८०४३५६**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज आत्मविश्वास बढेको महशुस गर्नुहुनेछ ।
**वृष :** आज धैर्यताले काम गर्दा फाइदा हुन्छ। अधुरो काम पुरा गर्ने अवसर मिल्छ ।
**मिथुन :** आज बोलिचालीले धेरै कुरा मिल्ने दिन हो। नयाँ मान्छेसंग चिनजान हुन सक्छ।
**कर्कट :** आज भावनात्मक पक्ष बलियो रहने छ। घरको जिम्मेवारी बढ्न सक्छ ।
**सिंह :** आज नेतृत्व क्षमता देखाउने मौका आउँछ। काममा प्रशंसा पाइने योग छ।
**कन्या :** आज काममा धेरै ध्यान दिनुपर्ने दिन हो। सानो गल्तीले समस्या ल्याउन सक्छ।
**तुला :** आज निर्णय लिन अलि गाह्रो पर्न सक्छ। काम र घरबीच सन्तुलन चाहिन्छ ।
**वृश्चिक :** आज गोप्य कुरामा सतर्क रहनुहोस् । काममा दबाब महसुस हुन सक्छ ।
**धनु :** आज नयाँ योजना बनाउन मन लाग्छ ।
**मकर :** आज जिम्मेवारी धेरै महसुस हुनेछ ।
**कुम्भ:** आज नयाँ सोच र विचार आउनेछ । आर्थिक खर्च बढ्न सक्छ ।
**मीन :** आज कल्पनाशक्ति बलियो रहनेछ । परिवारको मायाले मन छोला ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



किसानको खेतमा रहरको बोटको हाँगामा बसेको लालकण्ठे अर्जुनक (टाइगा फ्लाइक्याचर) चरा । उत्तर एसियाबाट हिउँदमा दक्षिण एसियातिर बसाइँ सर्ने यो चरा, किरा समात्ने शैली र पुच्छर हल्लाउने आनीबानीका लागि चिनिन्छ । *तस्बिर : रासस*

# ‘देशको भविष्यप्रति जिम्मेवार पार्टीलाई मतदान गर्नु आवश्यक’



पाटन । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले देशको भविष्यप्रति जिम्मेवार पार्टीलाई मतदान गर्नु आवश्यक भएको बताउनुभएको छ ।

प्रतिनिधिसभा निर्वाचन, २०८२ को सन्दर्भमा जानकारी दिन नेपाली कांग्रेसले विहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा सञ्चारकर्मीलाई जानकारी दिनुहुँदै प्रवक्ता चालिसेले राजनीतिक उद्देश्यका लागि बालबालिकालाई प्रयोग गर्ने क्रम जिम्मेवार राजनीतिक दलहरूबाट भएकामा निर्वाचन आयोगको ध्यानाकर्षण गराएको उल्लेख गर्दै विभिन्न राजनीतिक दलहरूबाट विपक्षी उम्मेदवारप्रति घृणा फैल्याउने क्रम बढ्दै गएकामा आपत्ती व्यक्त गर्नुभयो।

“पार्टीले सम्पूर्ण शक्ति चुनावमा लगाएको छ, चुनावपूर्व कुनै पार्टीसँग गठबन्धन हुँदैन, भ्रम फैल्याउने कार्यको हामी निवारण गर्छौं, डबली कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौं”, प्रवक्ता चालिसेले भन्नुभयो । देशभरबाट कांग्रेसप्रतिको भरोसा बढ्दै गएको उल्लेख गर्दै उहाँले विगतमा कांग्रेस नेतृत्वका विभिन्न सरकारका पालामा महत्वपूर्ण कामहरुभएकाबताउनुभयो।प्रवक्ता चालिसेले चुनावी सरकारका मन्त्रीहरुलेराजिनामादिएरउम्मेदवार बन्नु मानवअधिकारको हिसाबले उचित भए पनि नैतिकताको हिसाबले उचित नभएको धारणा राख्नुभयो ।रासस

# प्रतिनिधिसभा निर्वाचनः महोत्तरी-४ मा स्वास्थ्य, शिक्षा र विकास नै मतदाताको मुख्य चासो




महोत्तरी । प्रतिनिधिसभा निर्वाचन क्षेत्र-४मा चुनावी चर्चा चुलिएको छ । उम्मेदवारसँगै राजनीतिक दलका कार्यकर्ता गाउँबस्ती पुगेर मत माग्न व्यस्त छन् ।दक्षिणी सीमा भारत र पश्चिममा सर्लाही जिल्ला पर्ने यस क्षेत्रका मतदाता विकासका दृष्टिले धेरै पछाडि छ । यहाँका बासिन्दाले स्वास्थ्य सेवाका निम्ति भारत जानुपर्ने बाध्यता छ।

“कोही बिरामी परेमा भारतीय मुद्रा साट्न दौडनुपर्छ, बिरामी हुँदा सीतामढी पुग्नुपर्ने बाध्यता छ”, सम्सी गाउँपालिका-६ का ३५ वर्षीय इम्तियाज अहमद दुखेसो गर्नुहुन्छ।

जिल्लाको दक्षिणपश्चिममा पर्ने सोनमा गाउँपालिका, सम्सी गाउँपालिका र रामगोपालपुर नगरपालिकाका अधिकांश बस्तीहरूमा स्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्य केन्द्रले भरपर्दो सेवा नदिँदा बिरामी भारत जान बाध्य हुन्छन् । सम्सी-६ का ४० वर्षीय शेष सौरात भन्नुहुन्छ, “मान्छेको स्वास्थ्य उपचारसँग जोडिने विषय चुनावमा पर्याप्त महत्व पाएको छैन ।”

क्षेत्रको पूर्वी भेगमा पर्ने रामगोपालपुर, मनराशिशवा र औरहीकाभन्दा सम्सी र सोनमाका बासिन्दाका पीडा बढी सुनिन्छन् । सोनमा-३ का रामकलेवर यादव भन्नुहुन्छ, “यहाँ स्तरीय न अस्पताल छन्, न गुणस्तरीय शिक्षाको व्यवस्था छ । बर्खामा मडहा र हर्दी नदीले कटान बढाउँछन्, जागै रात बिताउनुपर्छ ।”यहाँका किसान अकासे खेतीमा निर्भर छन्। सोनमा-२ का सामाजिक-राजनीतिक कार्यकर्ता मदन साह “गाउँमा पूर्व-पश्चिम दुवैतिर नदी छन्, तर सिँचाइको व्यवस्था छैन । नदी वरदान हुनुपर्नेमा अभिशाप बनेका छन् ”, भन्नुहुन्छ।

मतका निम्ति घरदैलो गरिरहेका उम्मेदवारहरू सुविधासम्पन्न अस्पताल, गुणस्तरीय विद्यालय, नदीमा पक्की तटबन्ध र कुलो खन्नेसम्मका आश्वासन दिन थालेका छन् । सोनमा-६ का रामप्रताप यादव “हामी यसपालि स्पष्ट योजनाबिना विश्वास गर्दैनौं । विकासको दूरदृष्टिसहितका योजना देखाउने उम्मेदवारले मात्र हाम्रो मत पाउनेछ।”

यो क्षेत्रमा १३ राजनीतिक दलका र २३ स्वतन्त्र उम्मेदवार छन् । राजनीतिक दलका चार र तीन स्वतन्त्र सहित सात महिला उम्मेदवार छन् । नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका उम्मेदवार दलगत प्रतिस्पर्धामा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन, नेकपा संयुक्त, उज्यालो नेपाल पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, आम जनता पार्टी र जनता लोकतान्त्रिक पार्टीका उम्मेदवार पनि मैदानमा छन् ।रासस

# ‘उम्मेदवारले भारतीय नम्बर प्लेट नम्बरको सवारीसाधन प्रयोग गर्न मिल्दैन’



वीरगञ्ज ।जिल्ला सुरक्षा समिति पर्साले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि पर्सा रहेका एक सय ६७ वटा मतदानस्थलमध्ये ६० मतदानस्थलको अनुगमन गरेको छ।

पर्साका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा चारवटै सुरक्षा निकाय र जिल्ला निर्वाचन कार्यालय लगायतका टोलीले मतदानस्थल तथा केन्द्रहरुको निरीक्षण र सम्भावित सुरक्षा जोखिमको आवश्यक पूर्व तयारीमा जुटेको छ। प्रमुख जिल्ला अधिकारी भोला दाहालले यहाँको १६७ मतदानस्थलमध्ये ६० को निरीक्षण गरिसकेको जनाउँदै सो मतदानस्थलको लागि आवश्यक सुरक्षा रणनीति बनाउने काम भइरहेको जानकारी दिनुभयो ।

“अहिले दैनिक रुपमा मतदानस्थलको निरीक्षण गरेर त्यहाँ देखिएको सुरक्षा चुनौतीको लागि थप रणनीति बनाउने काम भइरहेको छ,” उहाँले भन्नुभयो,“ अहिले दैनिक दिनको १ बजेपछिको समयमा मतदानस्थलको अनुगमन र निरीक्षण गर्ने काम भइरहेको छ। निरीक्षणमा देखिएको चुनौतीलाई मध्यनजर गर्दै आवश्यक सुरक्षा रणनीति बनाउने काम पनि भइरहेको छ।”

प्रजिअ दाहालले जिल्लामा निर्वाचनलाई शान्तिपूर्ण र भयरहित ढङ्गले अघि बढाउनको लागि आवश्यक समन्वय गरिरहेको बताउनुभयो ।“ निर्वाचनलाई भयरहित र शान्तिपूर्ण सम्पन्न गर्नका लागि सबै निकायले आ-आफ्नो ठाउँबाट समन्वय र सहकार्य गरेर अघि बढ्नका लागि जरुरत रहेको छ,” उहाँले भन्नुभयो,“निर्वाचन आचारसंहिता उम्मेदवार, आम जनता र सञ्चारकर्मी लगायतले पनि पालना गर्नका लागि अनुरोध गर्दछौं।”

जिल्लाको एक सय ७ किलोमिटर खुल्ला सीमा नाका भएकाले पनि निर्वाचनको बेला शान्ति सुरक्षा चुस्तदुरुस्त बनाउने प्रयास गरिरहेको प्रजिअ दाहालले बताउनुभयो । पर्साका प्रहरी प्रमुख सुदिपराज पाठकले निर्वाचनको लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध गरिएको बताउनुभयो । जिल्ला निर्वाचन कार्यालयका प्रमुख अनामिका रौनियारले मतदाता शिक्षा सम्बन्धित प्रचारप्रसारमुलुक कार्यक्रम अघि बढाउन लागिएको बताउनुभयो ।“निर्वाचन आचारसंहिताले निर्वाचनमा उम्मेदवारले भारतीय नम्बर प्लेट नम्बरको सवारीसाधन प्रयोग गर्न मिल्दैन । सोतर्फ उम्मेदवारहरुले सचेत हुन जरुरी छ।”

जिल्लाभरि रहेका १६७ मतदानस्थलमध्ये ६२ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ। क्षेत्र नं १ मा ३४, क्षेत्र नं २ मा ३८, क्षेत्र नं ३ मा ४७ र क्षेत्र नं ४ मा ४८ मतदानस्थल छन् । पर्सामा एक सय ६७ मतदानस्थलमध्ये ६२ अति संवेदनशील, ८५ वटा संवेदनशील र २० कम संवेदनशीलको सूचीमा राखिएको छ । जिल्लामा ४४१ मतदान केन्द्र छन् भने दुई अस्थायी मतदान केन्द्र रहेका छन् । यहाँ चार निर्वाचन क्षेत्र रहेका छन् यसमध्ये क्षेत्र नं १ मा १०३, क्षेत्र नं २ मा ११० तथा क्षेत्र नं ३ र ४ एक सय १४ निर्वाचन क्षेत्र छन् । पर्सा जिल्लामा कूल मतदाता सङ्ख्या तीन लाख ७६ हजार ५१३ छन् । तीमध्ये एक लाख ६४ हजार ४२१ महिला, दुई लाख १२ हजार ७७ पुरुष तथा १५ यौनिक तथा लैङ्गिक अलल्पसङ्ख्यक समुदायका मतदाता छन् ।रासस

# निर्वाचन आयो, अब जनताले छाप लाउन मात्रै बाँकी छः प्रधानमन्त्री कार्की

भक्तपुर । प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गते देशभर शान्तपूर्ण रुपमा एकैसाथ एकै चरणमा निर्वाचन सम्पन्न हुने बताउनुभएको छ।

भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा भइरहेको प्रत्येक्षतर्फको मतपत्र छपाइ कार्यको स्थलगत अनुगमनपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री कार्कीले कुनै पनि



जिल्लामा दोस्रो चरणमा मतदान नहुने बताउनुभयो । “मतपत्र छपाइ गरेको हरेर मलाई निकै उत्साह जागेर आयो, मतपत्र हेर्ने काम भयो, त्यो देखेर हामीलाई लाग्यो, निर्वाचन आयो, अब जनताले छाप लाउन मात्रै बाँकी छ । प्रेसका कर्मचरीहरुले एकदमै राम्रो काम गर्नु भएको रहेछ”, प्रधानमन्त्री कार्कीले भन्नुभयो । निर्वाचनको चार खम्बामध्ये दुई खम्बा निर्वाचन आयोग रहेको उल्लेख गर्दै उहाँले देशभर निर्वाचनको माहोल बनेको बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, “तपाईहरु निश्चिन्त मान्नुस्, चुनाव आयो, फरक पर्दैन, चुनाव एउटै र एकैदिनमा हुन्छ, दुई चोटी हुने वाला कहीं छैन, एकै दिनमा हुन्छ, कहीं कतै केही हुनेवाला छैन, तोकिएकै मितिमा चुनाव हुन्छ ।”निर्वाचनको दिन फागुन २१ गते मौसम अनुकुल हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले सबै तिर राम्रो भएर आएको बताउनुभयो । हामी सबैले मतदान गर्न पाउँछौं भन्दै उहाँले मतदानको सबै नतिजा आएपछि नयाँ सरकार बन्ने र आफूहरु आफ्नो घर फर्कने बताउनुभयो ।

“अब राम्रो हुन्छ, हामी सबैले मतदान गर्न पाउँछौं, त्यसको परिणाम आउँछ, त्यसपछि सरकार बन्छ र हामी थपक्क सरकार हस्तान्तरण गर्छौं र आ-आफ्ना घरतिर जान्छौं”, प्रधानमन्त्री कार्कीले भन्नुभयो । मतपत्र छपाइ अनुगमनपछि गृहमन्त्री ओमप्रकाश अर्यालले देशभर चुनावी माहोल बन्दै गएको बताउनुभयो। उहाँले भन्नुभयो, “भदौ २३ गते मानवता र २४ गते मुलुक गम्भीर सङ्कटमा पुगेको थियो । अहिले मुलुकमा राजनीतिक हिंसा र द्वन्द्व विस्तारै कम हुँदै गएको छ । देशभर चुनावी वातावरण बन्दै गएको छ । तोकिएकै मितिमा शान्तिपूर्ण रुपमा निर्वाचन हुनेमा सबैलाई ढुक्क हुन आग्रह गर्दछु।”

वर्तमान सरकार नागरिकको सुरक्षाप्रति पूर्ण प्रतिबद्ध रहेको बताउँदै गृहमन्त्री अर्यालले आउँदो निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न विगतको भन्दा थप सुदृढ सुरक्षा व्यवस्था मिलाइएको बताउनुभयो। निर्वाचन क्षेत्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी विभाजन गरी सुरक्षा व्यवस्था मिलाएको जानकारी दिँदै उहाँले अति संवेदनशील र संवेदनशील मानिएका क्षेत्रमा पूर्वतयारीसहित विशेष सुरक्षा प्रबन्ध लागू गरिने बताउनुभयो। रासस

# आर्थिक समृद्धिमा नेपाल टेलिकमको भूमिका प्रशंसनीय छ : गृहमन्त्री अर्याल

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले मुलुकभर सञ्चारको पहुँच विस्तार गर्दै आर्थिक समृद्धिमा नेपाल टेलिकमले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ। नेपाल टेलिकमको २२औं वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले प्राकृतिक विपद्, भूकम्प तथा महामारीजस्ता सङ्कटका समयमा नेपाल टेलिकमले निर्वाह गरेको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । सेवा विस्तारसँगै डिजिटल सेवा, डिजिटल साक्षरता र समग्र देश विकासमा नेपाल टेलिकमले उल्लेखनीय योगदान पुऱ्याएको उहाँको भनाइ छ। गृहमन्त्री अर्यालले दूरसञ्चार सेवा सम्पर्कको माध्यम मात्र नभइ शैक्षिक, आर्थिक र सामाजिक विकासको प्रमुख पूर्वाधार बनेको बताउनुभयो।



“नविनतम प्रविधिको आधारमा गुणस्तरीय सेवा प्रवाह गर्नु समयको आवश्यकता भएको छ,” उहाँले भन्नुभयो, “नयाँ-नयाँ प्रविधिमा आधारित सेवाको विकास गर्दै सार्वजनिक दायित्व र नवप्रवर्तनलाई सन्तुलनमा राखेर गुणस्तरीय सेवा उपलब्ध गराउनु सेवाग्राहीको हक र अधिकार हो ।”सन्तुष्ट ग्राहक नै कम्पनीको दिगो विकासको आधारस्तम्भ भएकाले यसतर्फ कम्पनीले विशेष ध्यान दिनुपर्ने उहाँको धारणा छ । आगामी दिनमा नेपाल टेलिकमले अत्याधुनिक प्रविधिमा आधारित सेवा प्रवाह गर्दै ग्राहकको आत्मसन्तुष्टिलाई केन्द्रमा राख्ने विश्वास पनि गृहमन्त्री अर्यालले व्यक्त गर्नुभयो।

सार्वजनिक संस्था नागरिक र सरकार जोड्ने सेतु भएको उल्लेख गर्दै उहाँले नागरिक-सरकार सम्बन्धलाई प्रगाढ बनाउन नेपाल टेलिकमको भूमिका महत्वपूर्ण रहने बताउनुभयो। सरकारको नीति तथा कार्यक्रमलाई आत्मसात् गर्दै नागरिकप्रतिको कर्तव्य निर्वाहमा नेपाल टेलिकमले सरकारसँगको सहकार्यलाई निरन्तरता दिने विश्वास आफूले लिएको उहाँले भन्नुभयो ।

नेपाल टेलिकमको सुदृढीकरण र विकासमा सरकारले अभिभावकत्वको भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि गृहमन्त्री अर्यालले व्यक्त गर्नुभयो । समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले नेपाल टेलिकमले गुणस्तरीय सेवा विस्तार गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमासमेत पहुँच स्थापित गरिने बताउनुभएको छ । उहाँले नेपाल टेलिकमको सेवा विस्तारले सर्वसाधारणको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने उल्लेख गर्दै सेवाको गुणस्तर अझै वृद्धि गरिने स्पष्ट पार्नुभयो । सचिव बस्नेतले भन्नुभयो,“नेपाल टेलिकमले सर्वसाधारणको जीवनस्तरमा सकारात्मक प्रभाव पार्नेछ र सेवाको गुणस्तरलाईथपप्रभावकारीबनाउनेछ।”

सचिव बस्नेतले डिजिटल समावेशिता विस्तार गर्दै सबै नागरिकलाई समान सञ्चार सेवाको पहुँच सुनिश्चित गर्न नेपाल टेलिकमले निरन्तर पहल गरिरहेको पनि बताउनुभयो । समारोहमा नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा भूपेन्द्र भण्डारीले कम्पनीले फोरजी/एलटीई सेवाको जडान, विस्तार, स्तरोन्नति तथा वितरणलाई निरन्तरता दिँदै हाल सातै प्रदेशका ७७ जिल्लाका ७४९ स्थानीव तहमा सो सेवाको पहुँच विस्तार गरेको जानकारी दिनुभयो। रासस

# कश्मीरसम्बन्धी राष्ट्रसङ्घीय प्रस्ताव कार्यान्वयन गर्न पाकिस्तानको आग्रह


काठमाण्डु । नेपालका लागि पाकिस्तानी राजदूत अबरार हाश्मीले कश्मीरसम्बन्धी दीर्घकालीन विवादको समाधान संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव ४७ को पूर्ण कार्यान्वयनबाट मात्र सम्भव हुने बताउनुभएको छ।

कश्मीर एकता दिवसका अवसरमा विहीबार यहाँस्थित दूतावासमा आयोजित कार्यक्रममा राजदूत हाश्मीले उक्त प्रस्तावले समस्या समाधानका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गरेको उल्लेख गर्नुभयो । प्रस्तावमा भारत र पाकिस्तानबीच युद्धविराम, कश्मिरबाट सैन्य बल फिर्ता तथा जम्मु-कश्मीरका जनतालाई आफ्नो भविष्य स्वयं निर्धारण गर्न स्वतन्त्र तथा निष्पक्ष जनमतसङ्ग्रहको व्यवस्था गरिएको छ।

संयुक्त राष्ट्रसङ्घले सुनिश्चित गरेको कश्मीरी जनताको आत्मनिर्णयको अधिकारसम्बन्धी प्रस्ताव पारित भएको सात दशक बितिसक्दा पनि अझै पूरा हुन नसकेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो।



कश्मीरसम्बन्धी संयुक्त राष्ट्रका प्रस्तावहरूको कार्यान्वयन सुनिश्चित गर्न अन्तरराष्ट्रिय समुदायले अझ सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा राजदूत हाश्मीले जोड दिनुभयो ।कश्मीर एकता दिवस कश्मीरी जनताप्रति ऐक्यबद्धता प्रकट गर्न तथा कश्मीर विवाद अझै समाधान हुन नसकेको अवस्थालाई उजागर गर्न प्रत्येक वर्ष मनाइने गरिन्छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**


## सम्पादकीय

# पहिचानसहितको प्रदेश

नेपालमा सात प्रदेश मध्ये एउटा मात्र पहिचान समेतको प्रदेश रहेको छ । तत्कालीन नेकपा माओवादीले गरेको सशस्त्र विद्रोह र मधेशी नेताहरुले गरेको विद्रोहको उद्देश्य देशमा पहिचान सहितको संघीयता स्थापना गर्ने थियो । मधेशीहरुको बाहुल्यता रहेको तत्कालीन प्रदेश नम्बर २ को नामकरण मधेशको पहिचान हुनेगरी मधेश प्रदेश गरिएको हो । मधेश प्रदेश नामकरणका लागि मधेशी दलहरुसित दुई तिहाइ बहुमत थिएन । तत्कालीन सभामुख सरोज कुमार यादव र मुख्यमन्त्री लालबाबु राउतको पहलमा नेपाली कांग्रेस, माओवादी, संघीय समाजवादी पार्टीका सांसदहरुले समेत पहिचानको पक्षमा मतदान गरेका थिए । अन्य ६ वटा प्रदेशमा पहिचानलाई उपेक्षा गरिएको छ । कोशी प्रदेशमा अहिले पनि पहिचानसहितको नामाकारणका लागि आदीवासी, जनजातीहरु आन्दोलित हुने गरेका छन् । तर उनीहरुले आवश्यक सहयोग र समर्थन प्राप्त गर्न सकिरहेको छैन । मधेश प्रदेशले ८ औं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको छ । त्यस क्रममा तीन जना सभामुख भएका छन् । प्रथम सभामुख सरोज कुमार यादवले पाँच वर्षे कार्यकाल सफलतापूर्वक पूरा गरे । उनको सबै भन्दा ठूलो उपलब्धि प्रदेशको नामकरण मधेश प्रदेश र राजधानी जनकपुरधाम घोषणा रहेको छ । उनी तत्कालीन राष्ट्रिय जनता पार्टीबाट सभामुख बनेका थिए । पहिलो कार्यकालको तीन वर्ष मधेशी दल संघीय समाजवादी फोरम र राजपाको सरकार चलेको थियो । प्रदेश सभाको दोस्रो कार्यकालमा एमालेका रामचन्द्र मण्डल जनता समाजवादी पार्टीको समर्थनमा सभामुख चुनिएका थिए । तर उनले पद अनुकूल आचरण नगरेको अभियोगमा बर्खास्त भइसकेका छन् । तेस्रो सभामुखको रुपमा जसपा नेपालबाट रामअशिष यादवको कार्यकाल चलिरहेको छ । प्रदेश सभाको आठौं वार्षिकोत्सव सम्पन्न भएको छ । देशमा अहिले प्रतिनिधि सभाको चुनाव हुन लागेको छ । फागुन २१ गते हुने निर्वाचनको प्रचार प्रसार तिव्र भएको छ । तर चुनावमा संघीयताको पक्षधर र विपक्षमा रहेका दलहरु चुनावी मैदानमा छन् । काठमाण्डुका निवर्तमान मेयर बालेन्द्र साहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरी चुनावी मैदानमा उत्रेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले संघीयता र प्रदेशको विषयमा औपचारिक धारणा सार्वजनिक गरेको छैन । पछिल्लो चुनावमा रास्वपाले प्रदेशको निर्वाचनमा सहभागी भएको थिएन । अन्य दलहरु प्रदेशको चुनावमा भाग लिएका थिए । अहिलेको चुनावमा पनि संघीयता पक्षधर दलहरुको अवस्था कमजोर देखिदैछ । संघीयतालाई खारेज गर्न सक्ने दलहरुलाई मौका दिने अथवा संघीयता पक्षधर दलहरुले अवसर पाउने त्यो मतदाताहरुको मनमा छ । मतपत्रबाट हुने निर्णयले देशमा संघीयतालाई संस्थागत गर्ने अथवा खारेज गर्ने त्यसका लागि केही दिन कुर्नुपर्नेछ । देशमा पछाडि पारिएका मधेशी, दलित, जनजाति, महिला, आदीवासी, मुसलमानले संघीयताबाट प्राप्त गरेको अवसर र विकासलाई समेत बुझ्न आवश्यक छ ।

# हिउँले ढाकिएको छाङ्रूमा पहरा गर्दै सशस्त्र

**नरेन्द्रसिह कार्की**




कठोर जाडोकाबीच पनि हतियारसहित गस्तीमा निस्किएका उहाँहरू राष्ट्रको सीमालाई सुरक्षित राख्न निरन्तर सक्रिय छन् । भारी हिउँमा बुट गाड्दै अघि बढ्नु सजिलो पनि छैन । प्रत्येक पाइला जोखिमसँग जोडिएको छ । चिप्लो जमिन, हिमपहिरोको सम्भावना र शून्य नजिकैको तापक्रमबीच पनि उहाँहरूको कदम रोकिँदैन् ।दार्चुलाको व्यास गाउँपालिका-१ छाङरूस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म पूरै हिउँले ढाकिएको छ । चारैतिर सेताम्य पहाड, चिसोले जमेको आँगन र बरफले ढाकिएका छानाबीच सुरक्षाकर्मीको दैनिकी चलिरहेको छ । यस क्षेत्रको तापक्रम माइनस ६ डिग्रीदेखि २३ डिग्री सेल्सियससम्म रहने गरेको छ । हाल गुल्म वरपर करिब डेढ फिट हिउँ जमेको छ । गाउँ पूरै सुनसान छ । बादल लाग्ने वित्तिकै हिउँपर्छ । वरिपरि अग्ला पहाड, टाढा टल्किँदै गरेका हिमालका चुचुरा र चिसो हावाले ठोकिरहेको हुन्छ । यो कुनै साहसिक यात्राको दृश्य होइन, यो हिमाली सीमामा खटिएका सुरक्षाकर्मीको दैनिकी हो । सशस्त्र प्रहरी यसरी चिसोमा ज्यानको प्रवाह नगरी सीमा सुरक्षार्थ खटिएका छन् ।

चिसो र हिमपातसँगै एक महिनादेखि पानी ल्याउने पाइप पूर्णरूपमा बरफ बनेका छन् ।

पाइपमा पानी आउनै छोडेपछि टिङ्कर खोलाको पानी प्रयोग गरिरहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० का गुल्मपति फनिन्द्र शाहीले बताउनुभयो । पाइपमा पानी बरफ भएपछि त्यहीँ खोलाको पानी पिइरहेका छौँ । गुल्मबाट खोला नजिकै छ । चिसोमा कि खोलाको पानी ल्याएर उमालेर खानु कि हिउँ पग्लाएर खानुबाहेक अर्को विकल्प पनि छैन । गुल्मभित्र आगो तापेर शरीर न्यानो बनाउनु यहाँको नियमित काम हो । तापक्रम शून्यभन्दा तल झर्दा हातखुट्टा सुन्निने अवस्था आउँछ । त्यसबीच पनि सशस्त्रको सीमा क्षेत्रको गस्ती रोकिएको छैन ।प्रहरी नायब उपरीक्षक फनिन्द्र शाही र सशस्त्र प्रहरी निरीक्षक शैलेन्द्र चैसिरको नेतृत्वमा सुरक्षाकर्मी दिनहुँ जोखिम मोलेर सीमा क्षेत्रमा निगरानी गर्ने गर्छन् । उपरीक्षक शाही भन्नुहुन्छ, "यो संवेदनशील क्षेत्र हो । हामी त्रिदेशीय सीमाको सुरक्षामा खटिएका छौँ । कालापानी, लिपुलेक र लिम्पियाधुरा यही क्षेत्रमा पर्छन् । नेपाल-चीन सीमा स्तम्भ नम्बर १ पनि यही छ ।" राष्ट्रले दिएको जिम्मेवारी पूरा गर्ने बेला चिसोमा नियमित ड्युटी हुनु सामान्य जस्तै लाग्छ ।छाङ्रूजस्तो दुर्गम हिमाली क्षेत्रमा सडक यातायात र पूर्वाधारको अभाव अझै ठूलो चुनौती बनेको छ । स्थानीय मात्र होइन, यहाँ खटिएका सुरक्षाकर्मी पनि आधारभूत सुविधाबाट बञ्चित छन् । रासन ल्याउनसमेत भारतीय परनिर्भरता अझै छ । नेपालतिर सडक बनेको छैन् । नेपाली सेनाले दार्चुला-टिङ्कर सडकअन्तर्गत ब्याँस-४ तुसरपानीदेखि छाङ्रु जोड्ने गरी सडक निर्माण गरिरहेको छ । नेपालतर्फबाट अहिले सडक निर्माणको काम दुम्लिङमाथि पुगेको छ ।

भारतीय क्षेत्रमा सडक भए पनि हिमपातका कारण हाल अवरुद्ध छ । भारतले कालापानी लिपुलेकसम्मै सडक विस्तार गरेको छ । अहिले एक महिनादेखि यो क्षेत्रमा हिमपात र बरफका कारण नियमित यातायात अवरुद्ध भएको हो । भारतीय सुरक्षाकर्मीका लागि भने हेलिकप्टरमार्फत नियमित रूपमा राशन ढुवानी हुने गर्छ । कालापानी क्षेत्रमा दैनिक दुई वटा हेलिकप्टरले सामग्री पुऱ्याउने गरिएको छ । उनीहरूको ब्यारेकमा हिटर, न्यानो कपडा र मौसमअनुसारको सुविधा उपलब्ध छ, तर नेपालतर्फ सडक छैन । पैदलमार्ग सञ्चालनमा आए पनि अहिले हिमपातका कारण बन्द छ ।हिउँ पर्नुअघि ओसारिएको राशनमै सशस्त्र प्रहरी निर्भर छन् । सामान्य आवतजावत गर्न पनि बाटो नहुँदा त्यसको मारमा सुरक्षाकर्मी परेका छन् । "बुदी दोपाखेसम्म पुग्न नियमित हिउँ पन्छ्याउँदै बाटो खुलाउने प्रयास गरिरहेका छौँ," डिएसपी शाहीले भन्नुभयो । सशस्त्र प्रहरीले छाङ्रूबाट गागा क्षेत्रतर्फ निरन्तर गस्ती गर्दै आएको छ । हिउँ कम भएको बेला कालापानी मुहानसम्म पनि नियमित गस्ती हुने गर्थ्यो तर अहिले बाक्लो हिउँ जमेका कारण माथिल्लो क्षेत्रमा पुग्न सम्भव छैन । नेपाल-भारत दुवैतर्फका सुरक्षाकर्मीको सम्बन्ध सौहार्दरुपमा चलेको छ । केन्द्रमा कालापानी लिपुलेकबारे चर्को नारा लागे पनि सीमामा बस्ने सुरक्षाकर्मी एक आसपमा सीमा अपराधका सूचना आदानप्रदान र नियमित भेटघाट हुनेगर्छ । गत महिना टिङ्करमा रहेको सशस्त्र प्रहरीको बिओपी छाङरूमा झारिएको थियो । टिङ्कर क्षेत्रमा छाङरूभन्दा दोब्बर हिमपात हुने भएकाले सुरक्षाकर्मीलाई तल सारिएको हो । उक्त बिओपीले चीनसँगको सीमा क्षेत्रमा गस्ती गर्दै आएको थियो । एक वर्षअघि मात्रै टिङकरमा बिओपी स्थापना भएको थियो ।

मङ्सिर लागेसँगै टिङ्कर गाउँ पूर्ण रूपमा सुनसान छ । टिङ्कर चीनसँग सीमा जोडिएको अन्तिम गाउँ हो । यहाँबाट नेपाल-चीन एक नम्बर सीमा स्तम्भ पर्दछ । छाङरुमा भने केही परिवारको बसोबास अझै छ । वडा नं १ का वडाध्यक्ष अशोकसिंह बोहराका अनुसार गाउँको रेखदेखका लागि राइसिंह ऐतवाललाई चौकीदारको जिम्मेवारी दिइएको छ । चोरी-तस्करी जस्ता घटना नहोउन् भनेर वडाले उहाँलाई छ महिनासम्म मासिक १५ हजार पारिश्रमिक उपलब्ध गराएर राखेको छ । भारतसँग सीमा जोडिएको यो गाउँ कालापानीभन्दा करिब १० किलोमिटर तल पर्छ । यति हिउँले ढाकिएको अवस्थामासमेत सुरक्षाकर्मीको मनोवल कमजोर भएको छैन । बरफले ढाकिएको गुल्मभित्र आगो ताप्दै सीमाको रक्षा गर्नु उहाँहरूका लागि कर्तव्य मात्र होइन, गर्वको विषय बनेको छ । डिएसपी शाही भन्नुहुन्छ, "यो राष्ट्रले दिएको जिम्मेवारी हो । हामी महिनामा कम्तीमा दुई पटक काउन्टरपार्ट बैठक पनि बस्छौं ।" २०७७ जेठ ७ गते सरकारले भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूभाग समेटेर चुच्चे नक्शा जारी गरेको थियो । त्यसपछि असार २९ गते मन्त्रिपरिषद् बैठकले गुल्म स्थापना गर्ने निर्णय गऱ्यो । असोज ९ गते विधिवत् रूपमा छाङरूमा ५० नम्बर गुल्म स्थापना गरिएको हो । भौगोलिक विकटता र कठोर मौसमका कारण यो हिमाली क्षेत्र राज्यका लागि सधैँ चुनौतीपूर्ण र संवेदनशील रहँदै आएको छ ।

### तराईको फाँटदेखि हिमालसम्म सशस्त्रको पहरा

दार्चुलाको लेकम गाउँपालिका-३ लालीदेखि भारत-चीन सीमा जोडिएको व्यास गाउँपालिका-१ सम्म सशस्त्र प्रहरी बलले पछिल्लो समय गस्ती र सुरक्षा उपस्थिति विस्तार गरेको छ । २०७७ सालसम्म सदरमुकाम खलङ्गामा सीमित रहेको सशस्त्र प्रहरी अहिले लेकमको लालीदेखि ब्यासको टिङ्करसम्म फैलिएको छ । चुच्चे नक्शा प्रकाशनसँगै सीमा क्षेत्रमा युनिट थप गरिएको हो ।सरकारले खलङ्गामा ४४ नम्बर गण स्थापना गरी त्यहाँ रहेको ५० नम्बर गुल्मलाई ब्यासको छाङरू-गागा क्षेत्रमा सारिएको थियो । दार्चुलामा नेपाल-भारत जोडिएका १० वटा सीमा नाका छन् । महाकाली नगरपालिका-४ खलङ्गा, वडा नं ९ दत्तु, मालिकार्जुन गाउँपालिका-७ जोलजिवी, वडा नं ६ बाकु, लेकम गाउँपालिका-३ लालीमा नेपाल र भारत जोड्ने सिमा नाका छ ।

यसैगरी, व्यास गाउँपालिका-१ सितापुल, वडा नं २ माल, वडा नं ४ सुन्सेरा मलघट्ट, वडा नं ५ तिगरम र वडा नं ६ बडुगाउँमा दुई देश जोड्ने सिमानाका छन् । यीमध्ये ब्यास गाउँपालिका-१ सितापुलमा महाकाली नदीमा काठेपुल राखिएको छ भने बाँकी सबै स्थानमा झोलुङ्गे पुल बनाइएको छ ।चीनसँग जोडिएको टिङ्कर भञ्ज्याङ लक्षित गरी ब्यास-१ छियालेकमा सशस्त्र प्रहरीको बिओपी स्थापना गरिएको छ । ४४ नम्बर गणका गणपति गुणराज न्यौपानेका अनुसार भारतसँगका १० नाका र चीनसँगको टिङ्कर नाका कभर हुने गरी सुरक्षा युनिट परिचालन गरिएको उहाँले बताउनुभयो । सीमा क्षेत्र हाल जोलजिवीमा प्रस्तावित सीमा सुरक्षा गुल्म सञ्चालनमा छ भने दत्तु र लालीमा बिओपी स्थापना भइसकेका छन् । छाङरूस्थित ५० नम्बर गुल्मअन्तर्गत टिङ्कर छियालेक र राप्लाको दुम्लिङ बिओपी सञ्चालनमा छन् । सशस्त्र प्रहरीका अनुसार दार्चुलामा भारतसँग १९८ किलोमिटर र चीनसँग ७५ किलोमिटर लामो सीमारेखा रहेको छ ।

# संस्कृति र राजनीतिको अन्तरसम्बन्ध



**प्रा जगमान गुरुङ**



संस्कृति र राजनीति समाजका दुई आधारभूत स्तम्भ हुन् । संस्कृतिबिना समाजको पहिचान अधुरो हुन्छ भने राजनीतिबिना समाजको व्यवस्थापन सम्भव हुँदैन । यी दुवैबीच गहिरो सम्बन्ध रहेको हुन्छ । संस्कृति समाजको सोच, व्यवहार, मूल्य-मान्यता र जीवनशैलीको प्रतिविम्ब हो, भने राजनीति ती मूल्य-मान्यतालाई सत्ता, नीति र शासन प्रणालीमार्फत कार्यान्वयन गर्ने माध्यम हो । त्यसैले संस्कृति र राजनीतिबीचको अन्तरसम्बन्धलाई बुझ्नु समाजको समग्र विकास बुझ्नु जस्तै हो । राजनीति र संस्कृति अलग-अलग क्षेत्र भने पक्कै होइनन् । संस्कृति नै राष्ट्रको आत्मा हो र राजनीति त्यस आत्माले निर्देशित हुनुपर्छ । भाषा, धर्म, परम्परा, चाडपर्व, कला, साहित्य, रहनसहन, विश्वास प्रणाली र सामाजिक मूल्य मिलेर संस्कृति निर्माण हुन्छ । संस्कृति राष्ट्रको पहिचान हो भने राजनीतिले त्यो पहिचानको संरक्षण, सम्मान र प्रवर्द्धन गरेको हुर्नुपर्छ । राजनीति र सांस्कृतिक मूल्यबीचको सन्तुलनले मात्र समाजलाई सुदृढ र देशलाई गतिशील बनाउँछ । संस्कृति प्रत्येक व्यक्ति वा राष्ट्रको आफ्नो पहिचान हो, पहिचानबिहीन हुन न व्यक्ति सक्दछ, न राष्ट्र नै । हरेक व्यक्तिको राजनीति धर्म र संस्कृतिबाट सुरक्षित र सुगठित हुन्छ ।

नेपाली राजनीतिक प्रक्रियाले सांस्कृतिक मूल्य र सामाजिक एकतालाई कमजोर बनाएको खण्डमा राष्ट्र कमजोर हुने सम्भावना रहन्छ । नेपाली संस्कृति मात्र परम्परा वा रीतिरिवाज नभइ समाजको पहिचान, एकता र सामाजिक सद्भावको आधार पनि हो । हाम्रा पुराना संस्कार, आदर्श र सांस्कृतिक अभ्यासलाई स्मरण गराएर नेपाली समाजलाई अझ समृद्ध र दिगो बनाउन सकिन्छ । राजनीतिक नेतृत्वले संस्कृतिकै आधारमा निर्णय गरेमा देशमा सकारात्मक परिवर्तन आउन सक्दछ । विशेषगरी पुराना मान्यता, भाषा, र मूल्यमा आधारित व्यवहारलाई आधुनिक जीवनशैलीमा हस्तान्तरण गर्नु आजको आवश्यकता हो ।

नेपाल बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक देश हो र यो नै नेपालको विशिष्ट मौलिक पक्ष हो । सबै जात, धर्म, वेषभूषा भएका मानिसबीचको एकता, सम्मान र विश्वास नै नेपालको धरोहर हो । यो वास्तविकतालाई हरेक राजनीतिक पार्टी र तिनका नेता, कार्यकर्ताले पनि राम्ररी बुझेका छन् । कहिलेकाहीँ अर्काको इशारा र स्वार्थमा परेर विवादास्पद अभिव्यक्ति दिने, जातीय, धार्मिक विद्वेष फैलाउने दुस्कार्य हुन खोजे पनि त्यसलाई आम जनताले तिरस्कार गरी आपसी प्रेम, विश्वास र सद्भावलाई खल्बलिन दिँदैनन् । राजनीतिक व्यवस्थाले यी सबैलाई समेटेर राखेकै कारण नेपालमा कुनै पनि खालको जातीय, भाषिक वा धार्मिकद्वन्द्व वा विद्रोह हुन पाएको छैन । समन्वयात्मक संस्कृतिले राजनीतिक व्यवस्थालाई पनि समेटेर राखेको छ । नेपाल आध्यात्मिक केन्द्रको रुपमा विश्वमा परिचित छ । पछिल्लो समय नेपाली समाज विकृतिले भरिन थालेको छ । हरेक जातजाति अनुसार मिलेर बसेको नेपाली समाजलाई पछिल्लो समय भने केही धर्मको नाममा, जातीयताको नाममा राजनीति गर्नेहरुले बिगार्दै लगेको पाइन्छ । नेपाली समाज विकृत रूपमा अघि बढिरहेकाले समाजलाई सच्याएर अघि बढाउनुपर्ने अवस्था रहेको छ ।

नेपालीहरूले पुरानो संस्कृति र संस्कार बिर्सिसकेकाले यसलाई पुनः उजागर र प्रवर्द्धन गर्न आवश्यक छ । समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको विकास भएको छ । त्यही समन्वयात्मक नेपाली संस्कृतिको धरातलमा नेपाल राष्ट्रको संरचना र नेपाली राष्ट्रियताको विकास भएको हो ।नेपालको संविधान २०७२ ले बहुसांस्कृतिकता, विविधता र समावेशीतालाई विशेष जोड दिएको छ । त्यसअनुसार राजनीतिक दलहरूले नेपाललाई बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुकको रूपमा स्वीकार गर्दै आदिवासी जनजाति, दलित, मधेसी, थारू, मुस्लिमलगायत समुदायको सांस्कृतिक अधिकार मातृभाषा, लोकसंस्कृति र परम्परागत ज्ञानको संरक्षण, सांस्कृतिक पहिचानमा आधारित विभेद्को अन्त्य जस्ता विषयलाई आफ्ना राजनीतिक दस्तावेजमा पनि उल्लेख गरेका छन् । संस्कृतिलाई केबल परम्परा होइन, अधिकार र पहिचानको राजनीतिक मुद्दा बनाएका छन् ।

### घोषणापत्रमा उपेक्षित सांस्कतिक पक्ष

मुलुक यतिबेला निर्वाचनको सङ्घारमा उभिएको छ । राजनीतिक पार्टीहरु निर्वाचन लक्षित आफ्ना दृष्टिकोण र भावी योजना कार्यक्रमसहितको घोषणापत्र तयारीको अन्तिम चरणमा छन् । तिनका उम्मेदवार जनताका घरदैलोमा आफ्ना पार्टीका घोषणापत्र लिएर मत माग्न जाने तयारीमा छन् । घोषणापत्र कुनै पनि देशको भावी नीति, प्राथमिकता र वैचारिक दिशाको दस्तावेज मानिन्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन राजनीतिक घोषणापत्रको महत्वपूर्ण अङ्ग बन्नु स्वाभाविक हो तर व्यवहारमा विगतका निर्वाचनमा ल्याइएका घोषणापत्रका आधारमा त्यसमा संस्कृतिको पक्षलाई महत्व दिएको पाइँदैन । केही दलका घोषणापत्रमा धर्म र संस्कृतिकोसम्बन्ध संवेदनशील विषयका रूपमा प्रस्तुत गरिएको छ । अधिकांश राजनीतिक दलका घोषणापत्रमा संस्कृति राष्ट्रिय पहिचान र सामाजिक एकताको आधारका रूपमा उल्लेख गरिएको हुन्छ । तर ती घोषणापत्रमा संस्कृति मूल एजेन्डा होइन, सहायक विषयका रूपमा मात्रै समेटिएको पाइन्छ ।

सांस्कृतिक पर्यटनको विकास, कला, साहित्य, सङ्गीत र चलचित्र उद्योगलाई प्रोत्साहन, संस्कृतिमार्फत आर्थिक गतिविधि विस्तार गर्न सकिने कुराहरु समावेश गरिएका हुन्छन् । नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत दलहरूले नेपाली संस्कृति, परम्परा, कला, भाषा र सभ्यताको संरक्षणलाई राष्ट्र निर्माणसँग जोडेर प्रस्तुत गरेका छन् । विगतका घोषणापत्रमा धर्मनिरपेक्षता स्वीकार गर्दै सबै धर्म र संस्कृतिप्रति राज्यको समान व्यवहार गरिने कुरामा जोड दिन खोजिएको छ । तर व्यवहारमा संस्कृति र धर्मलाई राजनीतिक स्वार्थअनुसार प्रयोग गरिएको देखिन्छ । वास्तवमा संस्कृति केबल विगतको सम्झना होइन, राष्ट्रको वर्तमान चेतना र भविष्यको दिशा पनि हो भन्ने बुझाइ घोषणापत्रका शब्दमा मात्र होइन, व्यवहारमा पनि देखिनु आवश्यक छ । भाषा, साहित्य, संस्कृति र समृद्धि एकापसमा अन्तसम्बन्धित छन् । भौतिक समृद्धिले मात्रै राष्ट्रिय गौरव कायम गर्न सक्दैन, कला, साहित्य पनि समृद्धिको एउटा आधार हो भन्ने तथ्यलाई राजनीतक नेतृत्वले बुझ्न जरुरी छ ।

निर्वाचनका दौरानमा अधिकांश उम्मेदवार जनताका घरदैलोसँगै आ-आफ्ना धार्मिक विश्वास र आस्थाबाट प्रेरित भई विजयको अपेक्षा राख्दै मठमन्दिर, गुम्बा, चैत्यजस्ता धार्मिकस्थलमा गई पूजाअर्चना गर्ने, फूलमाला लगाउने, पूजारीबाट आर्शिवाद लिने गरेको सञ्चार माध्यममा देखिन्छ । बाहिर आफूलाई नास्तिक वा भौतिकवादी देखाउन खोजे पनि अन्ततः धर्मकर्मबाट बिमुख कोही हुन सक्दैन । त्यसैले धर्म मानिसको जीवन पद्धति हो । यसबाट व्यक्तिले जति नै सुकै आफूलाई टाढा राख्न खोजे पनि टाढा हुनसक्दैन । जीवन पद्धतिलाई राजनीतिले असर गर्न सक्छ तर संस्कृति पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको हुन्छ । राजनीतिले संस्कृतिलाई होइन, संस्कृतिले राजनीतिलाई डोऱ्याउन सक्नुपर्छ ।

राजनीति र संस्कृति एउटै सिक्काका दुई पाटा हुँदाहुँदै पनि राजनीतिक पार्टीले अझै पनि यसको अन्तरसम्बन्धलाई राम्ररी बुझेको जस्तो लाग्दैन । प्रायः सबैजसो राजनीतिक पार्टीका घोषणापत्रमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, लोपोन्मुख संस्कृति र परम्पराको अभिलेखीकरण, राष्ट्रिय पर्व, जात्रा र सांस्कृतिक उत्सवको प्रवर्द्धन गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरिएका छन् ।




# प्रचारप्रसार गर्नुअघि राजनीतिक दल वा उम्मेदवारले घोषणापत्र सार्वजनिक गर्नुपर्ने



काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन प्रचारप्रसारमा जानुअघि राजनीतिक दल र उम्मेदवारले घोषणा पत्र सार्वजनिक गर्नुपर्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ मा गरिएको छ ।

आचारसंहिताको दफा ३७ मा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सो को आधारमा प्रचारप्रसार गर्नुपर्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाअनुसार आगामी फागुन ४ गतेदेखि निर्वाचन प्रचारप्रसार हुने कार्य तालिका छ । तर, आजसम्म आयोगमा कुनै पनि राजनीतिक दलले घोषणापत्र पेस नगरेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेद्वारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था आचारसंहितामा गरिएको छ । राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भए बमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि गरिएको प्रवक्ता जिसीले बताउनुभयो ।

**निर्वाचनः ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकियो, २५ जिल्लाको 'प्याकिङ'**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकिएको निर्वाचन आयोगले जनाएको छ ।हालसम्म ६० निर्वाचन क्षेत्रका गरी ७२ लाख ६० हजार मतपत्र छपाइ सकिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । छापिएकामध्ये २५ जिल्लाको मतपत्र 'प्याकिङ' पनि सकिएको छ ।

कर्णाली र सुदूरपश्चिम (एकाध जिल्ला बाहेक) प्रदेशको मतपत्र छपाइ सकिएको छ । प्रत्यक्षतर्फ कुल दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने छ । समानुपातिकतर्फको दुई करोड चार लाख मतपत्र छपाइ सकेर माघ १६ गतेदेखि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु भएको थियो ।

उच्च हिमाली र दुर्गम क्षेत्रका जिल्लालाई उच्च प्राथमिकता दिएर आयोगले मतपत्र छपाइलाई निरन्तरता दिइरहेको छ । मतपत्र माघ २५ गतेदेखि फागुन ३ गतेसम्म जिल्ला, जिल्ला पठाउने गरी आयोगले तयारी गरिरहेको छ । निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री निर्वाचन कार्यालयले सम्बन्धित जिल्लामै खरिद गर्ने व्यवस्था गरेको छ । विभिन्न किसिमका निर्वाचन सामग्री भने आयोगले नै खरिद गरेर जिल्ला, जिल्ला पठाउन लागेको हो । सडक पुगेको उच्च पहाडी र हिमाली जिल्लामा ट्रक र उच्च हिमाली जिल्लामा हेलिकप्टरका माध्यमबाट मतपत्रलगायत निर्वाचन सामग्री ढुवानी गरिने आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो ।

विसं २०७९ को निर्वाचनमा खरिद गरी बाँकी रहेका निर्वाचन सामग्री भने आयोगले काठमाडौं वरिपरि एवं नजिक, नजिकका जिल्लामा पठाइएको जनाएको छ । सेतो कोरा कपडा, स्वस्तिक छापलगायत सामग्री यसअघिको निर्वाचनमै खरिद गरी बाँकी रहेको थियो ।

**दल र उम्मेदवारले २५ हजारभन्दा बढी नगद सहयोग लिन नपाइने, पुराना खाताको रकम नयाँमा सार्नुपर्ने**

निर्वाचन आयोगले निर्वाचन खर्चलाई पारदर्शी र मितव्ययी बनाउन 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचार-प्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२' स्वीकृत गरेको छ । आयोगले यही मङ्गलबार स्वीकृत गरेको यो कार्यविधि प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारबाट हुने प्रचारप्रसार खर्चलाई नियन्त्रण, निगरानी र अनुशासित बनाउने उद्देश्यले ल्याइएको जनाइएको छ ।

कार्यविधिअनुसार अब । निर्वाचनको प्रचारप्रसारका लागि राजनीतिक दल र उम्मेदवारले अनिवार्य रूपमा छुट्टै बैङ्क खाता खोल्नुपर्ने छ । त्यसका लागि राजनीतिक दलले आयोगको सचिवालयमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ। निवेदनसँगै दलको आधिकारिक पत्र, उम्मेदवारको उम्मेदवारी निस्सा वा परिचयपत्र, सम्बन्धित बैङ्कको दस्तखत नमूना कार्ड र खाता सञ्चालकको नागरिकता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

आयोग वा निर्वाचन कार्यालयले कागजात जाँच गरी सिफारिस गरेपछि मात्र बैङ्क तथा वित्तीय संस्थाले खाता खोल्नेछन् । खाता खुलेको जानकारी आयोग, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा दिनुपर्नेछ ।

कार्यविधिअनुसार राजनीतिक दलको हकमा दलले तोकेका बढीमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट मात्र खाता सञ्चालन गर्न पाइनेछ । उम्मेदवारको हकमा भने उम्मेदवार स्वयं वा उसले अख्तियारी दिएको व्यक्तिको एकल वा बढीमा दुई जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्न सकिनेछ । यस्तै, निर्वाचन प्रचार-प्रसारसम्बन्धी सबै आम्दानी र खर्च नेपाली मुद्रामै गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

स्वेच्छिक आर्थिक सहयोग, प्रचारप्रसारका क्रममा हुने खर्च, चेक, ड्राफ्ट, टिटी वा विद्युतीय माध्यमबाट गरिने भुक्तानी सबै बैङ्क खातामार्फत गर्नुपर्नेछ । राजनीतिक दल र उम्मेदवारहरुले रू २५ हजार भन्दा बढीको सहयोग नगदमा लिन पाइने छैन । यस्तो रकम सोझै बैङ्क खातामा जम्मा गर्नुपर्नेछ । रु २५ हजारभन्दा कम रकमका हकमा भने नगद रसिद वा भरपाई काटी खातामा जम्मा गर्न सकिने व्यवस्था गरिएको छ ।

> कार्यविधिले राजनीतिक दल र उम्मेदवारले चुनावमा गरेको खर्च अनुगमनको जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) प्रमुखलाई दिएको छ ।

कार्यविधिले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार निषेधित निकाय र व्यक्तिबाट आर्थिक सहयोग लिन कडाइका साथ प्रतिबन्ध लगाएको छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका निकाय, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरू, सार्वजनिक शेयर भएको पब्लिक लिमिटेड कम्पनी, सरकारी वा सामुदायिक शैक्षिक संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, विदेशी सरकार वा व्यक्ति, नाम नखुलेका व्यक्ति वा संस्था तथा आयोगले तोकेका अन्य संस्थाबाट सहयोग लिन पूर्ण रूपमा निषेध गरिएको छ ।

कार्यविधिमा रु एक लाखभन्दा बढी सहयोग लिँदा सहयोग दिने व्यक्ति वा संस्थाको नाम, ठेगाना, पेशा, स्थायी लेखा नम्बर, रकमको स्रोत तथा करसम्बन्धी विवरण अनिवार्य रूपमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यविधि लागू हुनुअघि खोलिएका निर्वाचन खर्चसम्बन्धी बैङ्क खातामा रहेको रकम अब नयाँ कार्यविधिअनुसार खोलिएको खातामा सार्नुपर्ने छ । "राजनीतिक दल वा उम्मेदवारले यो कार्यविधि लागू हुनुभन्दा अघि निर्वाचन प्रचारप्रसार गर्ने प्रयोजनका लागि बैङ्क खाता खोली प्राप्त गरेको रकम यस कार्यविधिबमोजिम खोलिएको बैङ्क खातामा सार्नुपर्नेछ", कार्यविधिमा भनिएको छ ।

निर्वाचन सम्पन्न भएपछि दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसार खर्चको विवरण सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्नेछ । सो विवरणको प्रतिवेदन तयार भएको ३५ दिनभित्र बैङ्क खाता बन्द गर्न लगाइने छ, तर खाता विवरण भने छ वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था गरिएको छ । दल खारेज भएमा वा उम्मेदवारी रद्द भएमा आयोगले जुनसुकै समयमा खाता बन्द गराउन सक्नेछ ।

कार्यविधिले राजनीतिक दल र उम्मेदवारले चुनावमा गरेको खर्च अनुगमनको जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) प्रमुखलाई दिएको छ । निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रूपमा कोलेनिका प्रमुखले यस्तो निगरानी गर्नेछन् । अनुगमनमा सरकारी कर्मचारी वा सार्वजनिक सम्पत्तिको दुरुपयोग भए-नभएको, निषेधित निकायबाट सहयोग लिइएको-नलिइएको, खर्च सीमा नाघिएको-ननाघिएको, निषेधित कार्यमा खर्च गरिएको-नगरेकोलगायत विस्तृत विवरण संकलन गरिनेछ ।

बैङ्क खातासम्बन्धी कागजात र विवरणलाई प्रचलित कानुनबमोजिम गोप्य र अनतिक्रम्य मानिने व्यवस्था गरिएको छ, तर निर्वाचन आयोग वा आयोगले अधिकार दिएको अधिकारीले आवश्यक ठानेमा खाता जाँच वा परीक्षण गर्न सक्ने स्पष्ट प्रावधान राखिएको छ ।

यसअघिका निर्वाचनमा प्रचारप्रसार खर्चको स्रोत, परिमाण र प्रयोगबारे गम्भीर प्रश्न उठ्दै आएको थियो । स्वेच्छिक सहयोगको नाममा अपारदर्शी लेनदेन, नगद खर्च, निषेधित निकायबाट सहयोग लिने अभ्यास र खर्च सीमा नाघ्ने प्रवृत्तिले निर्वाचनको निष्पक्षता र सुशासनमा चुनौती थप्दै आएको थियो । यही सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र निर्वाचनलाई व्यवस्थित तथा मर्यादित बनाउन आयोगले यो कार्यविधि लागू गरेको जनाएको छ ।रासस

## सर्वदलीय बैठक सम्पन्न

रसुवा । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्ने सन्दर्भमा यहाँ सर्वदलीय बैठक भएको छ ।

मुख्य निर्वाचन अधिकृत ध्रुवकुमार उप्रेतीको अध्यक्षतामा बुधबार सम्पन्न बैठकमा विभिन्न राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, सञ्चारकर्मी, स्थानीय प्रशासक, सुरक्षा निकायका प्रमुखलगायत उपस्थित थिए ।

बैठकमा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ पूर्ण रूपमा पालना गर्ने, निर्वाचनसम्बन्धी भेला तथा कार्यक्रम गर्दा मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायलाई जानकारी गराउनका साथै सहभागी सबैले आ-आफ्नो क्षेत्रबाट निर्वाचन सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

रसुवामा नौ वटा राजनीतिक दल तथा तीन जना स्वतन्त्र उम्मेदवार चुनावमा होमिएका छन् । नेपाली कांग्रेसबाट मोहन आचार्य, नेकपाबाट माधवप्रसाद लामिछाने, नेकपा एमालेका प्रेम तामाङ, रास्वपाबाट वसन्त भट्ट, उज्यालो नेपालबाट मानबहादुर तामाङ, मङ्गोल नेशनल अर्गनाइजेशनका विनोद थिङ, राप्रपाका हरिप्रसाद घिमिरे, नेकपा माओवादीका होमप्रसाद आचार्य, प्रगतिशील लोकतान्त्रिक दलका तर्फबाट दावा तमाङ उम्मेदवार हुनुहुन्छ ।त्यसैगरी, स्वतन्त्रतर्फ चित्रकुमारी देवकोटा, दावा तामाङ र सागर लामा प्रत्याशी हुनुहुन्छ ।रासस

## पीडितमैत्री सेवा सुदृढ गर्न प्रहरी महानिरीक्षक कार्कीको निर्देशन



जानकी । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले प्रहरीले प्रदान गर्ने सेवालाई अझै गुणस्तरीय, संवेदनशील र पीडितमैत्री बनाउन निर्देशन दिनुभएको छ। इलाका प्रहरी कार्यालय, कोहलपुर परिसरमा निर्माण गरिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको नवनिर्मित भवनको शुभारम्भ गर्दै उहाँले यस्तो निर्देशन दिनुभएको हो ।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरीले दिने सेवाको प्रकृतिमा पनि क्रमशः परिवर्तन हुँदै गएको उल्लेख गर्नुभयो । "अब प्रहरी कारबाहीमुखी मात्र नभई सेवा र सहयोगमुखी संस्थाका रूपमा अघि बढिरहेको छ", उहाँले भन्नुभयो, "पीडितको मनोविज्ञान बुझेर संवेदनशीलता र मानवताका आधारमा सेवा प्रवाह गर्न यस्ता संरचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।"

बेलायत सरकारको सहयोगमा सञ्चालित एसजेपी कार्यक्रमअन्तर्गत युनोप्सद्वारा निर्माण गरिएको उक्त भवन महिलासहित बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित सेवालाई थप प्रभावकारी, सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको हो। सेवाग्राहीले प्राप्त गर्ने सेवाबारे स्पष्ट पार्दै उहाँले भन्नुभयो, "यस केन्द्रमार्फत सेवाग्राहीले परामर्श, उजुरी दर्ता, अस्थायी आश्रय तथा आवश्यक कानुनी प्रक्रियासम्बन्धी सेवा एउटै स्थानबाट प्राप्त गर्न सक्नेछन्, प्रहरीले पीडितको गोपनीयता, सम्मान र सुरक्षालाई उच्च प्राथमिकतामा राखेर सेवा दिनेछ ।"

उद्घाटन समारोहमा युनोप्सका अपरेसन को-अर्डिनेटर इन्द्र न्यौपानेले स्वागत मन्तव्य राख्नुभएको थियो भने युनोप्सका इन्फ्रास्ट्रक्चर म्यानेजर शिशिर उपाध्यायले भवन निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । रासस


**Baudhimai Municipality**
**Office of The Municipal Executive**
**Sarmujwa, Rautahat**
**Madhesh Province, Nepal**

**Invitation for Opening of Price Bids**

**Date of Publication: 2082/10/23 (6th Feb, 2026)**

In reference to the invitation for bids notice Published on 12th Nov 2025 (2082-07-26), in the Jankpur today daily newspaper, the following bidders are evaluated as responsive bidders from the technical evaluation. The Responsive bidders are invited to attend the price bid opening on 13th February 2026(2082/11/01), 12:00 PM in Baudhimai Municipal office, Sarmujwa, Rutahat.

| S.No. | Contract ID. | Description of Works | | Responsive Bidders |
|---|---|---|---|---|
| 1 | NCB/01/BMUN-082/083 | Construction of Blacktop road of Bam nahar –Kopwa-Pipariya-Ajgaibi-Sarmujwa Road | 1 | Chandi Devi Nirman Sewa, Tirshuli |

Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

**Project Chief**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८२/१०/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८२/०९/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०७/१४ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फर्छ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०९/१७ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको हुँदा पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरी इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा मिति २०६८/०६/१० गते प्रा.फ.र.नं. २८०१/२८१/०६८/६९, समुन्द्रपार आयात निर्यात तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६८/०५/२९ मा स्थायी लेखा नम्बर (PAN) ३०५१६६२८३ अन्तर्गत दर्ता कायम भएको **राईन सप्लायर्स** ।
**प्रोप्राइटर : सलामत राईन**

२. धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा मिति २०७६/०२/०५ गते प्रा.फ.र.नं. १३०९८/१८०६/२०७५/०७६ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०७६/०२/०५ मा स्थायी लेखा नम्बर (PAN) ६१०६७२७७८ अन्तर्गत दर्ता कायम भएको **राईन इलेक्ट्रोनिक्स** ।
**प्रोप्राइटर : खुश्बु खातुन**

३. धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा मिति २०७३/१२/१६ गते रोज ४ मा प्रा.फ.र.नं. ९८३८/११४३/०७३/०७४ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०७३/१२/२९ मा स्थायी लेखा नम्बर (PAN) ६०६०४६३४७ अन्तर्गत दर्ता कायम भएको **सुहाना ट्रेडर्स** ।
**प्रोप्राइटर : करामत राईन**

**संयुक्त ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण**

४. मौजे कवारीको बुहारी, हकिम राईनको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर नगर/गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **खैरुल खातुन** (ना.प्र.नं. ३९६९३९२६, जारि मिति २०५३/०२/०३, जि.प्र.का. धनुषा) ।

५. मौजे कवारीको नाति, हकिम राईनको छोरा, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **सलामत राइन** (ना.प्र.नं. ३९६९८०५०, जारि मिति २०६१/०५/२४, जि.प्र.का. धनुषा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. कुदरत कवारीको नाति, मौजे कवारीको छोरा, धनुषा जिल्ला, साविक जनकपुर नगर/गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **हकिम राइन** (ना.प्र.नं. ३९६९४०२८, जारि मिति २०३९/०८/२२, जि.प्र.का. धनुषा) ।

२. मौजे कवारीको नाति, हकिम राईनको छोरा, धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **करामत राइन** (ना.प्र.नं. १७११०२/७५०५, जारि मिति २०६९/०६/१९, जि.प्र.का. धनुषा) ।

३. हकिम राईनको बुहारी, सलामत राइनको पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **खुश्बु खातुन** (ना.प्र.नं. १७-०१-७३-०५८९०, जारि मिति २०७३/०४/२३, जि.प्र.का. धनुषा) ।

**धितोको विवरण**

१. **ऋणी राईन सप्लायर्स, राईन इलेक्ट्रोनिक्स, सुहाना ट्रेडर्स, खैरुल खातुन/सलामत राइनको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** हकिम राइन (ना.प्र.नं. ३९६९४०२८, जारि मिति २०३९/०८/२२, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, बिन्धी गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. २६६ र ७५३ को क्षेत्रफल क्रमशः ०-२-१२ र ०-२-१५ (बिघा) र धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ४९५ र ४९६ को क्षेत्रफल क्रमशः ०-०-२-२ र ०-०-२-२.५ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी राईन सप्लायर्स, राईन इलेक्ट्रोनिक्स, सुहाना ट्रेडर्स, खैरुल खातुन/सलामत राइनको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** खैरुल खातुन (ना.प्र.नं. ३९६९३९२६, जारि मिति २०५३/०२/०३, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, बिन्धी गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. १८५३ को क्षेत्रफल ०-३-१५ (बिघा) र धनुषा जिल्ला, बिन्धी गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ ग स्थित कि.नं. २३४ र १०३ को क्षेत्रफल क्रमशः ०-२-० र ०-३-० (बिघा) तथा धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १२७ र १४० को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. राईन सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

४. राईन इलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

५. सुहाना ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/०८ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/०९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# आइएसएसको अन्त्य, सहकार्यको युग

एएफपी


पेरिस। अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस) सन् २०३० मा पृथ्वीमा फर्किँदा यसले करिब तीन दशक लामो शान्तिपूर्ण अन्तर्राष्ट्रिय सहकार्यको अन्त्यलाई सङ्केत गर्नेछ। साथै, अन्तरिक्ष मानव जीवन र विश्वव्यापी सहकार्यको केन्द्र बनेको एउटा महत्त्वपूर्ण युगको समाप्ति पनि यसले जनाउनेछ।

नोभेम्बर २००० यता, फुटबल मैदानको आकार बराबरको वैज्ञानिक प्रयोगशालामा सधैँ मानिसहरूको उपस्थिति रहँदै आएको छ। पृथ्वी वरिपरि करिब आठ किलोमिटर प्रतिसेकेन्डको गतिमा परिक्रमा गर्ने आइएसएसले वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र मानवीय सहकार्यलाई निरन्तर अघि बढाउँदै आएको छ।अन्तरिक्ष यात्रीहरूको नयाँ टोली आगामी हप्तामै स्टेशनतर्फ प्रस्थान गर्न तयारी अवस्थामा रहँदा, जमिनबाट आइएसएसलाई सहयोग गर्ने धेरै व्यक्ति यसको आसन्न अन्त्यप्रति भावुक देखिएका छन्। नासाको विज्ञान तथा मिसन सिस्टम अफिसका पूर्वप्रबन्धक जोन होर्याकले आइएसएस सीमा, भाषा र संस्कृतिभन्दा माथि उठेर मानवीय सहयोग र सहकार्यको केन्द्र बनेको बताउनुभयो।

उहाँले २५ वर्षभन्दा बढी समयदेखि अन्तरिक्षमा २४ घण्टा, वर्षभरि मानिसको उपस्थिति रहनु मानव इतिहासकै असाधारण सन् २०३० मा आइएसएसलाई पृथ्वीको वायुमण्डलतर्फ सुरक्षित रूपमा फिर्ता ल्याउन सक्ने विशेष वाहन निर्माणको जिम्मा दिएको घोषणा गरेको थियो।होर्याकका अनुसार, शक्तिशाली रकेट इन्जिन प्रयोग गरेर आइएसएसको गति कम गरिनेछ र यसलाई जमिन, मानिस वा अन्य कुनै सम्भावित जोखिमबाट टाढा राख्दै प्रशान्त महासागरको दुर्गम क्षेत्रमा पुनःप्रवेश गराइनेछ। यसअघि मिरसहित धेरै अन्तरिक्ष यान र टेलिस्कोपहरू पोइन्ट नेमो भनिने यही समुद्री क्षेत्रमा खसालिएका थिए।

सन् २०३० पछि पृथ्वीको तल्लो कक्षामा चीनको तियाङ्गोङ अन्तरिक्ष स्टेशन मात्र रहनेछ। भविष्यलाई लक्षित गर्दै अमेरिकाले निजी कम्पनीद्वारा निर्माण र सञ्चालन गरिने अन्तरिक्ष स्टेशनतर्फ बढी ध्यान केन्द्रित गरिरहेको छ।होर्याकले रकेट र उपग्रहमा जस्तै अन्तरिक्ष स्टेशनहरू पनि व्यावसायिक आयामतर्फ अघि बढिरहेको बताउनुभयो। यस अवस्थामा राष्ट्रिय अन्तरिक्ष एजेन्सीहरूले निजी कम्पनीलाई शुल्क तिरेर आफ्ना अन्तरिक्ष यात्री पठाउनुपर्ने अवस्था आउनेछ। जेफ बेजोसको ब्लु ओरिजिन र एक्सिओम स्पेसलगायत कम्पनीहरूले पहिलो व्यावसायिक अन्तरिक्ष स्टेशन निर्माणका योजना अघि बढाइरहेका छन्।

सुचेतका अनुसार यस्ता परियोजनाहरूको व्यापार मोडेल अझै



उपलब्धि भएको उल्लेख गर्नुभयो। उहाँका अनुसार, आइएसएसले समस्या समाधानमा टकरावभन्दा सहकार्य रोज्ने मानव क्षमताको स्पष्ट प्रमाण प्रस्तुत गरेको छ।शीतयुद्धपछि अन्तरिक्ष दौडका पुराना प्रतिद्वन्द्वी रुस र संयुक्त राज्य अमेरिकाबीचको सहकार्यको नयाँ भावना झल्काउँदै आइएसएसको प्रस्ताव अघि बढाइएको थियो। युक्रेनमा मस्कोको युद्धका कारण रुस र पश्चिमबीच धेरै सम्बन्ध चिसिँदै गए पनि अन्तरिक्ष स्टेशनमा सहकार्य भने निरन्तर जारी रहनु उल्लेखनीय मानिएको छ।

फ्रान्सको अन्तरिक्ष एजेन्सी सिएनइएसका लियोनेल सुचेतले मानव अन्तरिक्ष उडानको इतिहास पहिलो र सबैभन्दा महत्त्वपूर्ण अन्तरिक्ष दौड भएको बताउनुभयो। उहाँले आइएसएसको विकासलाई अन्तरिक्ष अन्वेषणको दृष्टिले अत्यन्तै रोचक चरणका रूपमा वर्णन गर्नुभयो। सुचेतले सन् २००१ मा मिर स्पेस स्टेसनको डि-अर्बिटिङ देखेपछि आइएसएसका प्रारम्भिक परियोजनाहरूको समन्वय गरेको अनुभव पनि स्मरण गर्नुभयो।

यद्यपि समयसँगै आइएसएस पुरानो बन्दै गएको छ र यसका धेरै उपकरणहरू पनि म्याद सकिने चरणमा पुगेका छन्। नासाले गत वर्ष एलन मस्कको स्पेसएक्सलाई पनि धेरै हदसम्म संस्थागत नै रहनेछ, किनकि देशहरू पृथ्वीको तल्लो कक्षामा अन्तरिक्ष यात्री पठाउन सधैँ इच्छुक रहनेछन्। उहाँका अनुसार वैज्ञानिक अनुसन्धान र अन्वेषण सम्पूर्ण मानवताको साझा उद्देश्य बनेको छ।मानव चन्द्रमामा पुगेपछि अन्तरिक्षमा राष्ट्रहरूको व्यवहार नियमन गर्ने सन्धिहरू यथावत् रहने कि नहुने भन्ने प्रश्न खुला नै रहेको छ। अमेरिका र चीन दुवैले चन्द्रमामा आधार निर्माण गर्ने योजना अघि सारेका छन्।

होर्याकका लागि आइएसएसको अन्त्य भावनात्मक रूपमा निकै दुःखद क्षण हो। उहाँले आफ्ना छोराछोरीले आँगनमै उभिएर आइएसएसको उडान हेर्दै हुर्किएको अनुभव सम्झनुभयो।तर उहाँका अनुसार, एउटा युगको अन्त्यले अर्को युगको सुरुआत पनि जनाउँछ। मानवले अन्तरिक्ष यात्रा क्षमता, अन्तरिक्ष अन्वेषण र अन्तरिक्षको उपयोगमार्फत सामाजिक, आर्थिक, शैक्षिक तथा जीवनस्तर सुधारतर्फ अझ अघि बढ्नुपर्ने उहाँको धारणा छ।युरोपेली अन्तरिक्ष एजेन्सीका पूर्वप्रमुख जीन-ज्याक डोर्डेनको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "छिटो जान चाहनुहुन्छ भने एक्लै जानुहोस्। धेरै टाढासम्म जान चाहनुहुन्छ भने सँगै जानुहोस्।"रासस

# 'स्की' प्रतियोगिताको लागि प्रशिक्षण सुरु



मुस्ताङ। यहाँस्थित वारागुङ मुक्तिक्षेत्रमा सेताम्मे हिउँमा खेलिने स्की प्रतियोगिताको तयारी सुरु गरिएको छ। नेपाल स्की सङ्घको आयोजनामा यही माघ २४ गते मुक्तिनाथमा पाँचौँ राष्ट्रिय स्की प्रतियोगिता हुन लागेको हो।

हिउँमा खेलिने स्की खेलको विकास तथा प्रवर्द्धन गर्दै पर्यटन विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्की सङ्घले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ। पहिलो पटक रसुवाको क्यान्जेन भ्यालीबाट सुरु भएको प्रथम राष्ट्रिय स्की प्रतियोगित त्यसपछिका संस्करण मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुँदै आइरहेको छ। मुस्ताङमा सन् २०१९, सन् २०२० र सन् २०२२ मा स्की प्रतियोगिता सम्पन्न भएको थियो।पाचौँ राष्ट्रिय स्की प्रतियोगिताका लागि काठमाडौँबाट खेलाडी तथा अफिसिय टोली मुस्ताङ आइसकेका छन्। टोलीले बुधबार मुक्तिनाथ क्षेत्रमा स्की खेल खेलाउनका लागि 'ग्राउन्डलुप' निर्माण गरिसकेका छन्।

मुस्ताङ स्की सङ्घका अध्यक्ष सुरज गुरुङले स्की खेल तथा प्रतियोगिताका लागि विहीबारदेखि तालिम प्रशिक्षण सुरु भइसकेको जानकारी दिनुभयो। विहीबार जुनियर स्की खेलाडीका लागि प्रशिक्षण दिइँदै छ भने शुक्रबार सिनियर खेलाडीलाई तालिम दिने कार्यक्रम रहेको उहाँले बताउनुभयो।

अध्यक्ष गुरुङका अनुसार माघ २४ गते (शनिबार) राष्ट्रिय स्की प्रतियोगिता आयोजना गर्ने कार्यतालिका रहे पनि मौसमको अवस्था हेरेर यसको कार्यतालिका तय गरिने छ। हिउँमा खेलिने साहसिक खेल स्की प्रतियोगिताका लागि १४ पुरुष र १० जना महिला खेलाडी सहभागी हुनेछन्। यसैगरी मुस्ताङबाट पनि नेपाली सेनाबाट केही खेलाडीले भाग लिने आयोजकले जनाएको छ।

पाँचौँ स्की राष्ट्रिय स्की प्रतियोगिताका लागि नेपाल ओलम्पिक कमिटी एवं नेपाल स्की सङ्घका अध्यक्ष जिवनराम श्रेष्ठ र नेपाल स्की सङ्घका महासचिव विजय श्रेष्ठलगायत टोली मुस्ताङ आउँदै हुनुहुन्छ। सिनियर प्रशिक्षक स्वराज श्रेष्ठ, सहायक प्रशिक्षक दिनेश बोहरा, समिप लामिछाने, लक्ष्मी राई, आयुसी महर्जन र शारीरिक प्रशिक्षक बिमन्थ अधिकारीलगायतले खेलाडीलाई प्रशिक्षण दिनुहुने सङ्घका अध्यक्ष गुरुङले जानकारी दिनुभयो। यसपटकको प्रतियोगितामा अल्पाइन स्कीअन्तर्गत स्लालोम स्की र ज्यान स्लालोम स्की विधि समेटिएको नेपाल स्की सङ्घका महासचिव श्रेष्ठले जानकारी दिनुभयो। प्रतियोगिताका विजेतालाई स्वर्ण, रजत र कास्य पदकसहित पुरस्कृत गरिने उहाँले बताउनुभयो। प्रतियोगिताका लागि मुस्ताङ आएका खेलाडी तथा अफिसियलको सम्पूर्ण आवास, खाजाखाना र यातायात खर्च नेपाल स्की सङ्घले व्यहोर्ने महासचिव श्रेष्ठले जनाउनुभयो।

सन् २०२२ पछि आयोजना हुन नसकेको स्की प्रतियोगिता जारी याममा मुक्तिनाथ क्षेत्रमा हिमपात भएपछि आयोजना गर्न सम्भव भएको हो। जारी याममा मुक्तिनाथ क्षेत्रमा चार पटक हिमपात भएको छ। बन्दोबस्तीका पोसाक र उपकरण प्रयोग गरी हिउँमा चिप्लेटी खेलिने खेललाई स्की प्रतियोगिता भन्ने गरिएको छ। विकसित मुलुकमा कृतिम हिउँमा यसप्रकारको खेल खेलाइने भए पनि नेपालमा स्रोतसाधन नहुँदा प्रतियोगिता सञ्चालन गर्न समस्या हुँदै आएको सङ्घले जनाएको छ। नेपाल स्की सङ्घले हिउँदयामको मौसममा प्राकृतिमा हिउँ परेको समय पारी स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ।

मुक्तिनाथ क्षेत्रको सेताम्मे हिउँमा स्की खेलको रौनक सुरु भएपछि पर्यटक तथा स्थानीय नागरिकमा उत्साह छाएको छ। हिउँमा खेलिने स्की खेलको माध्यमबाट बेमौसमको पर्यटन घाटालाई कम गर्ने विश्वास गरिएको छ। यस प्रकारका हिउँमा खेलिने खेललाई राज्य पक्षले उच्च प्राथमिकता राख्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्।रासस

# दोस्रो अभ्यास खेलमा नेपाल विजयी



काठमाण्डु। आइसिसी टी-ट्वान्टी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको तयारीमा रहेको नेपालले विहीबार दोस्रो अभ्यास खेलमा पनि विजयी भएको छ। दोस्रो अभ्यास खेलमा नेपलले क्यानडालाई ६ विकेटले पराजित गरेको हो।

भारतको चेन्नाइमा भएको अभ्यास खेलमा क्यानडाले नेपाललाई जितका लागि एक सय ६२ रनको लक्ष्य दिएको थियो। नेपालले उक्त लक्ष्य १८औँ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो। नेपालका लागि प्रारम्भिक ब्याटर आशिफ शेखले अर्द्धशतकीय पारी खेले। उनले २९ बलमा ६ चौका र तीन छक्काको मद्दतमा ५८ रनको योगदान दिए। त्यसैगरी सन्दिप जोराले ४४, गुल्शन झाले ३१, कुशल भुर्तेलले १२ तथा दीपेन्द्रसिंह ऐरीले ९ रन बनाए।

बलिङतर्फ क्यानडाका जसकरण सिहं र अजयवीर हुँडालले एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ६१ रनको योगफल बनाएको थियो।

क्यानडाका लागि ओपनर नवनीत धलिवालले सर्वाधिक ४१ रनको योगदान दिए। उनले ३६ बलमा एक चौका र तीन छक्का हाने। त्यस्तै श्रेयस मोभाले १९ बलमा दुई चौका र तीन छक्कासहित ३८, कनवारपुल ताथगुरले २५ तथा जसकरण सिंहले २१ रन बनाए।

बलिङतर्फ नेपालका लागि सन्दीप लामिछाने र कुशल भुर्तेलले दुई/दुई तथा सोमपाल कामी र नन्दन यादवले एक/एक विकेट लिए। यसअघि पहिलो अभ्यास खेलमा पनि नेपालले युएईलाई सात विकेटले पराजित गरेको थियो।रासस

# पाकिस्तानले भारतसँगको सम्भावित टि-२० खेलका लागि सरकारको अनुमति लिने



एएफपी

कोलम्बो। पाकिस्तानले टि-२० विश्वकपको नकआउट चरणमा पुग्दा र कट्टर प्रतिद्वन्द्वी भारतसँग सामना भएमा आफ्नो सरकारसँग सल्लाह लिएर मात्र खेल्ने कप्तान सलमान अघाले बिहीबार स्पष्ट गर्नुभएको छ।

यो प्रतियोगिता राजनीतिक विवादका कारण प्रभावित भएको थियो किनभने बङ्गलादेशले सुरक्षासम्बन्धी चिन्ता देखाएर भारतमा खेल्न अस्वीकार गऱ्यो र पाकिस्तानले आफ्नो समूह 'ए' को खेलमा सह-आयोजक भारतसँगको भेट अस्वीकार गऱ्यो। तथापि, सेमिफाइनल वा फाइनलमा दुवै छिमेकीको भिडन्त हुने सम्भावना अझै बाँकी छ।"भारतको खेल हाम्रो नियन्त्रणमा छैन। यो सरकारको निर्णय हो र यदि हामीले सेमिफाइनल वा फाइनलमा भारतसँग खेल्नुपर्छ भने हामी सरकारको सल्लाहअनुसार अघि बढ्नेछौँ", अघाले कोलम्बोमा पत्रकारहरूलाई भन्नुभयो।

पाकिस्तानले बङ्गलादेशको अनुरोधमा श्रीलङ्कामा खेल सार्न समर्थन गरेको थियो। इस्लामाबाद सरकारले राष्ट्रिय टोलीलाई फेब्रुअरी १५ मा भारत विरुद्धको समूह खेलमा नखेल्ने निर्देशन दिएको छ। अघाले भन्नुभयो, "बङ्गलादेश यहाँ नभएकोमा दुःख लाग्छ। उनीहरूले हाम्रो समर्थन गर्नेछन् भन्ने आशा छ।"पाकिस्तान र भारतले दशकभन्दा बढी समयदेखि द्विपक्षीय क्रिकेट खेल्दै आएका छैनन् र बहुराष्ट्रिय प्रतियोगितामा मात्र भेट्छन्। समूह चरणमा पाकिस्तानले नामिबिया, नेदरल्यान्ड्स र अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ। अघाले भन्नुभयो, "हामी पछिल्लो विश्वकपमा अमेरिकासँग हारका कारण निराश थियौँ, अब त्यसलाई सुधार्ने प्रयास गर्नेछौँ।"

यदि पाकिस्तानले भारतसँगको खेल गुमायो भने केवल दुई अङ्क मात्र गुम्ने छैन, नेट रन रेटमा पनि असर पर्न सक्छ। खराब मौसममा एउटा समूह खेल गुम्दा छनोट कठिन हुन सक्छ, तर अघाले भन्नुभयो, "हामीलाई त्रुटिको सीमा थाहा छ, तर परिस्थिति नियन्त्रण गर्न सक्दैनौँ। हामी यहाँ राम्रो क्रिकेट खेल्न आएका छौँ र परिस्थितिबाट प्रभावित हुने छैनौँ।"

पाकिस्तानले सन् २००९ मा घरेलु मैदानमा अस्ट्रेलियाविरुद्ध ३-० ले जितेर उपाधि जितेको थियो। अघाले भन्नुभयो, "हामीले गत वर्ष एसिया कपपछि कुनै सिरिज हारेका छैनौँ। सबै कुरा राम्रो भइरहेको छ र हामी अझ राम्रो गर्नेमा विश्वस्त छौँ।"पाकिस्तानका सबै खेलहरू श्रीलङ्कामा हुनेछन्, जहाँ टोली जनवरीमा भ्रमण गरी स्थितिबारे अनुभव राखिसकेको छ। अघाले भन्नुभयो, "श्रीलङ्कामा खेल्न पाउँदा निकै खुसी छु-मेरो लागि यो दोस्रो घर जस्तै छ। यो मेरो छैटौँ भ्रमण हो र हामीले धेरै समर्थन पाएका छौँ।"

# आणविक बम पीडितमा युद्धको गहिरो त्रास

एएफपी

टोकियो। अमेरिका-रुसबीचको अन्तिम हातहतियार नियन्त्रण सन्धि 'न्यु स्टार्ट' समाप्त भएपछि जापानका आणविक बम पीडितहरूले विश्व आणविक युद्धतर्फ उन्मुख भइरहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन्।

क्यालेन्डरको मोडसँगै ५ फेब्रुअरीदेखि लागू हुने गरी न्यु स्टार्ट सन्धि अन्त्य भएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रस्ताव गर्नुभएको एक वर्षका लागि आणविक वारहेड सीमा विस्तार गर्ने प्रस्तावमा पछ्याउने कदम नचालेपछि सन्धि स्वतः समाप्त भएको हो।सन् १९४५ मा अमेरिकाले हिरोशिमा र नागासाकीमा खसालेका आणविक बमबाट बाँचेकाहरूको संस्था निहोन हिदान्क्योका सह-अध्यक्ष तेरुमी तानाकाले विश्व समुदायले यस विषयको गम्भीरतालाई समयमै बुझ्न नसकेको बताउनुभयो।कट्टर अहिंसावादी आम नागरिकहरूबाट सुरु भएको अभियान समूह निहोन हिदान्क्योले सन् २०२४ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेको थियो।

हालको अवस्थालाई हेर्दा आणविक युद्ध टाढाको भविष्यको कुरा नभई नजिकैको यथार्थ बन्न सक्ने डर आफूलाई लागेको तानाकाले जापानी अभियानकर्ताहरूसँग आयोजित पत्रकार सम्मेलनमा बताउनुभयो। उहाँका अनुसार संसार विनाशको दिशातर्फ अघि बढिरहेको सङ्केतहरू स्पष्ट देखिन थालेका छन्।त्रियानब्बे वर्षीय तानाकाले आणविक हतियार भएका देशका नागरिकहरूले आफ्नै देशका हतियारबारे गहिरो रूपमा नसोच्ने खतरा रहेको उल्लेख गर्नुभयो। कतिपयले यस्ता हतियारलाई आफ्नो देश महान् शक्ति भएको प्रमाणका रूपमा बुझ्न सक्ने र त्यो सोच अत्यन्तै ठूलो गल्ती हुने उहाँले चेतावनी दिनुभयो।

अमेरिकाले सन् १९४५ को अगस्टमा हिरोशिमा र नागासाकीमा आणविक बम खसालेको थियो। तानाका नागासाकीमा बसोबास गर्दै आउनुभएको थियो। त्यसको केही समयपछि जापानले आत्मसमर्पण गरेपछि दोस्रो विश्वयुद्ध समाप्त भएको थियो।हिरोशिमामा करिब एक लाख ४० हजार र नागासाकीमा करिब ७४ हजार मानिसको मृत्यु भएको थियो। तीमध्ये धेरैले विकिरणको दीर्घकालीन असरका कारण ज्यान गुमाएका थिए।

# बुढासुब्बा गोल्डकप सुरु, धरान र जर्जियन क्लबबीच प्रतिस्पर्धा

धरान। सुनसरीको धरानमा विहीबारदेखि २६औँ संस्करणको अन्तरराष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। धरान उपमहानगरपालिका-१६ स्थित धरान रङ्गशालामा विहीबार दिउँसो २:०० बजेदेखि सुरु हुने प्रतियोगिताको उद्घाटन खेलमा धरान फुटबल क्लब र जर्जियन फुटबल क्लब (भारत) बीच प्रतिस्पर्धा हुनेछ।

आयोजक धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङका अनुसार क्लबले २०५५ सालदेखि आयोजना गर्दै आएको उक्त प्रतियोगिता विहीबारदेखि सुरु भई आगामी फागुन २ गतेसम्म सञ्चालन हुनेछ। गत वर्ष आठ टोलीको सहभागिता रहेको प्रतियोगितामा यस वर्ष १० टोली सहभागी हुने उहाँले जानकारी दिनुभयो।

प्रतियोगिताका विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् भने उत्कृष्ट खेलाडीलाई एक थान होण्डा स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ। त्यसैगरी प्रत्येक खेलको 'म्यान अफ द म्याच' लाई रु १० हजार प्रदान गरिने छ। उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर तथा उत्कृष्ट प्रशिक्षकलाई जनही रु २५ हजार प्रदान गरिनेछ भने सर्वाधिक गोलकर्तालाई रु ३५ हजार पुरस्कार प्रदान गरिने छ।

यस वर्षको प्रतियोगितामा एनआरटी क्लब (काठमाडौँ), चर्च ब्वाइज युनाइटेड क्लब (काठमाडौँ), नेपाल पुलिस क्लब (काठमाडौँ), रोयल थिम्फु क्लब (भुटान), जर्जियन क्लब (भारत), एलए क्लब (पोखरा), सातदोबाटो युथ क्लब (ललितपुर), प्लानिङ ब्वाइज युनाइटेड क्लब (काठमाडौँ), झापा-११ झापा र धरान फुटबल क्लब सहभागी रहने आयोजकले जनाएको छ।गत वर्ष प्रतियोगिताको उपाधि एनआरटी क्लब काठमाडौँले जितेको थियो भने चर्च ब्वाइज युनाइटेड क्लब उपविजेता बनेको थियो।रासस

# अमेरिकी टेकबाट टाढिँदै इयु

एएफपी

ब्रसेल्स। अमेरिकी राष्ट्रपति डोनाल्डट्रम्पसत्तामाफर्किनुअघिसम्म युरोपेली सङ्घ (इयु) ले विदेशी शक्तिमाथिको आर्थिक निर्भरता घटाउने कुरा गर्दा त्यसको मुख्य अर्थ चीन नै मानिन्थ्यो। तर ट्रम्पको पुनरागमनसँगै ब्रसेल्सको ध्यान अब अमेरिकी प्रविधितर्फ केन्द्रित हुन थालेको छ।

व्यापारमा दबाब सिर्जना गर्नेदेखि ग्रिनल्यान्ड कब्जाको धम्कीसम्म ट्रम्पका अभिव्यक्तिहरू तीव्र बन्दै गएपछि, चाहेको खण्डमा उहाँले युरोपलाई डिजिटल रूपमा ठप्प पार्न सक्ने चिन्ता बढेको छ। ग्रिनल्यान्ड विषयमा ट्रम्प पछि हटेपछि इयुका उच्च अधिकारीहरूले भू-राजनीतिक झड्काप्रति सङ्घ अत्यन्तै असुरक्षित रहेको चेतावनी दिँदै रक्षा, ऊर्जा र प्रविधिमा रणनीतिक आत्मनिर्भरताको आवश्यकता औँल्याउन थालेका छन्।सन् २०२३ को इयु प्रतिवेदनअनुसार, २७ देशको यो सङ्घ डिजिटल उत्पादन, सेवा, पूर्वाधार र बौद्धिक सम्पत्तिको ८० प्रतिशतभन्दा बढीका लागि विदेशी देशहरूमा निर्भर छ। यही निर्भरता घटाउने प्रयासस्वरूप युरोपले अमेरिकी प्रविधिमाथिको निर्भरता क्रमशः कम गर्न थालेको देखिन्छ।

यसको पछिल्लो उदाहरण गत साता देखियो। फ्रान्सले सरकारी कर्मचारीलाई चाँडै जुम वा माइक्रोसफ्ट टिम्सजस्ता उपकरणको सट्टा स्वदेशी विकल्प प्रयोग गर्न निर्देशन दिने तयारी गरेको बतायो। ब्रसेल्सका लागि वास्तविक चेतावनी भने गत वर्ष आएको थियो। वासिङ्टनले अन्तर्राष्ट्रिय फौजदारी अदालतका न्यायाधीशहरूमाथि प्रतिबन्ध लगायो। यसका कारण उनीहरू अमेजन र गुगलजस्ता अमेरिकी प्रविधिबाट वञ्चित भए।

यस घटनाले युरोपेली जीवनशैलीलाई आधार दिने धेरै उपकरणमाथि अमेरिकाको कति बलियो नियन्त्रण छ भन्ने स्पष्ट पारेको छ।

**Ramgopalpur Municipality**
**Office of the Municipal Executive**
**Ramgopalpur, Mahottari**

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: 06-FEB-2026 10:00**

1. Ramgopalpur Municipality, Office of the Municipal Executive, Ramgopalpur, Mahottari invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding ( NCB). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| Contract ID No. and Description | Total estimated amount (With VAT & PS ) in NRs | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| NCB/WORKS/SPS/RGPMUN/082/83-06 Sautiniya Pokhari Saundaryakaran, Ramgopalpur-3 | 9329813.41 | Nrs. 3000 | 08-MAR-2026 (Within 12:00 hrs) | 08-MAR-2026 At 14:00 hrs | 90 days From the last date of bid submission | Rs. 2,25,000/- | 30 days beyond the validity period of the bid |

**Chief Administrative Office**

# अन्तरराष्ट्रिय 'डेरी एक्स्पो' माघ २५ देखि २९ गतेसम्म : मुख्य आकर्षक गाई



चितवन । यही माघ २५ गतेदेखि यहाँ हुन लागेको अन्तरराष्ट्रिय डेरी एक्स्पोको मुख्य आकर्षकको रुपमा गाई प्रदर्शनी हुने भएको छ । 'डेरी उद्योगमा प्रविधि अर्थतन्त्रमा समृद्धि' भन्ने मूल नाराका साथ सुरु गर्न लागिएको एक्स्पोमा उन्नत जातको गाई प्रदर्शनी हुन लागेको हो ।

व्यावसायिक रुपमा राम्रो नश्ल भएको गाई कहाँ पाइन्छ र यसबाट हुने फाइदा के हो भन्ने बारेमा किसानलाई जानकारी दिनका लागि गाई प्रदर्शनी गर्न लागिएको चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले जानकारी दिनुभयो ।

चितवनसहित अन्य जिल्लामा पालिएका राम्रो नश्ल भएका गाई ल्याएर प्रदर्शनी गरिनुका साथै ती गाईको बारेमा बुझाइने उहाँले बताउनुभयो । उहाँका अनुसार माघ २९ गतेसम्म चल्ने डेरी एक्स्पोका अन्य आकर्षणमा मानव स्वास्थ्यमा दुग्धजन्य पदार्थको आवश्यकता र महत्व विषयक वक्तृत्वकला प्रतियोगिता, दूध उत्पादनको वर्तमान अवस्था बजारको समस्या र सामाधानका उपायसम्बन्धी अन्तरक्रिया गरिने छ । यसमा पशुपालनमा देखिने रोग र उपचार विधि, दूधको गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रविधिको प्रयोग, दुग्ध क्षेत्रको वर्तमान अवस्था र चुनौती तथा नीतिगत व्यवस्था र राज्यसँगको अपेक्षा लगायतका विषयमा छलफल हुने उहाँले जानकारी दिनुभयो ।

यस प्रदर्शनीमा नेपाल र भारत गरी १२० दुग्ध उत्पादक र प्रविधि कम्पनी सहभागी हुने आज यहाँ पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो । चितवन उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुन लागेको प्रदर्शनीमा डेरी उत्पादन, प्रक्रिया र वितरणमा नविनतम प्रविधि र अभ्यासलाई प्रोत्साहित गर्दै साना किसान, उद्योगी र व्यापारीलाई व्यावसायिक सञ्जामा जोड्न टेवा पुग्ने अध्यक्ष बगालेले बताउनुभयो ।

प्रदर्शनीमा ५० हजार दर्शकले अवलोकन गर्ने र रु पाँचदेखि सात करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ । जिल्लामा हाल दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । यसमध्ये एक लाख ५० हजार लिटर दूध जिल्ला बाहिर जाने गरेको छ । ११५ दुग्ध उत्पादक सहकारीमा हाल ४० हजार बढी किसान आबद्ध रहेका छन् ।रासस

# चितवन मेडिकल सिटीका रुपमा विकास



चितवन । कुनै समय दैनिक ६० हाराहारीमा बिरामी बोकेका एम्बुलेन्स चितवनबाट काठमाडौँ जाने गर्दथे । हिजोआज त्यो सङ्ख्या तीन/चार वटामा झरेको छ ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा भोजराज अधिकारीले झण्डै आठ वर्षअघि भरतपुरको आँपटारीमा २४ घण्टा एम्बुलेन्सको तथ्याङ्क लिँदा ६० एम्बुलेन्स बिरामी लिएर काठमाडौँ गएको विवरण सुनाउनुभयो । उहाँका अनुसार त्यसपछिका दिनमा क्रमशः बिरामी जाने क्रम घट्दै आएको छ ।

उहाँले भन्नुभयो, "अहिले भरतपुरमा सबै खालका रोगको उपचार हुने भएपछि निकै कम मात्र बिरामी बाहिर जान्छन् ।" संयुक्त एम्बुलेन्स चालक सङ्घका केन्द्रीय अध्यक्ष नवराज लामिछाने पहिले पहिले धेरै एम्बुलेन्स चितवनबाट बिरामी बोकेर काठमाडौँ जाने गरेको बताउनुहुन्छ । पछिल्ला दिनमा दैनिक तीन/चारवटा एम्बुलेन्स मात्रै काठमाडौँ जाने गरेको उहाँले बताउनुभयो । टाउको, मिर्गौला, हार्डजोर्नीका गम्भीर समस्या भएका बिरामी फाट्टफट्ट जाने गरेको उहाँ बताउनुहुन्छ ।

भरतपुरमा उपचार हुने भए पनि ठूलो अस्पताल खोज्दै र काठमाडौँमा आफन्त तथा घर भएकाहरु जाने गरेको उहाँले बताउनुभयो । यसका अतिरिक्त एक अस्पतालबाट चितवनकै अर्को अस्पतालमा रिफर गर्ने परिपाटी नहुँदा पनि काठमाडौँ बिरामी जाने गरेको उहाँ बताउनुहुन्छ ।

काठमाडौँ पुगेर सेवा लिँदा हुने झन्झटका कारण पनि स्थानीयस्तरमै सकेसम्म उपचार गर्न धेरैले चाहना गर्ने गरेको लामिछाने बताउनुहुन्छ । जिल्लामा सङ्घीयस्तरको सरकारी भरतपुर अस्पताल, राष्ट्रियस्तरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, दुई वटा ठूला मेडिकल कलेज, बागमती प्रदेशको बकुलहर रत्ननगर अस्पताल, पच्चीसभन्दा बढी निजी अस्पताल, आँखा अस्पताल, निजीस्तरको सिएमसी क्यान्सर इन्स्टिच्यूटलगायतका स्वास्थ्य संस्था यहीं भएका कारण बिरामीलाई रोजीछानी उपचार गर्ने अवसर मिलेको छ ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेल चितवनमा सेवा सुविधा र विश्वसनीयता बढेका कारण बिरामी बाहिर जाने घटेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "क्यान्सरका धेरैजसो बिरामी काठमाडौँबाट यहाँ आउँछन् ।"

दक्षजनशक्ति, आधुनिक प्रविधि सहितका अत्याधुनिक उपकरण, सरल सेवासुविधा, बिरामीमैत्री सेवा चितवनका अस्पतालमा उपलब्ध हुन थालेपछि बिरामीको आकर्षण बढेको उहाँ बताउनुहुन्छ । जिल्लामै रोबटिक सर्जरीसम्मको उपचार हुने हुँदा काठमाडौँका बिरामी चितवन आउन थालेपछि यहाँका बिरामी जान छाडेको उहाँले बताउनुभयो । जिल्लामा स्वास्थ्य क्षेत्रमा ठूलो लगानी भएको छ । सरकारी अस्पतालमा मात्रै होइन, निजी क्षेत्रले पनि ठूलो लगानी अस्पतालमा गर्ने गरेको छ । चितवन मेडिकल कलेजका कार्यकारी अध्यक्ष प्राडा हरिश्चन्द्र न्यौपानेले डिएम र एमसिएच गरेका २७ विशेषज्ञ चिकित्सक अहिले सिएमसीमा मात्रै रहेको बताउनुभयो ।

उहाँको भनाइमा राजधानी काठमाडौँबाट आफ्नो मेडिकल कलेजमा उपचारका लागि बिरामी आउने गरेका छन् । उहाँले भन्नुभयो, "रोबर्टिक सर्जरी, मुटु, क्यान्सर, न्यूरो लगायतका उपचारका लागि काठमाडौँबाट यहाँ बिरामी आउने गरेका छन् ।" उहाँले काठमाडौँमा नहुने क्यान्सरको उपचार सिएमसी क्यान्सर इन्स्टिच्यूटमा हुन्छ । उहाँका अनुसार न्यूरोको ट्यूमर, अर्लिस्टेजका ट्यूमरको उपचार काठमाडौँमा नभइ चितवनमा हुन्छ ।

क्यान्सरको केमोथेरापी, ब्राकीथेरापी, रेडियो थेरापीलगायत सबै खालको प्रविधि र उपचार आफूहरुले सरकारी सुविधा तथा दररेटमा गर्दै आएको उहाँको भनाइ छ । उहाँका अनुसार क्रिटिकल केयरको सुविधा नेपालमा हुनेमा सबैभन्दा राम्रो चितवनमा रहेको छ । रोबर्टिक सर्जरीमा नेपालमै सबैभन्दा बढी यही हुने गरेको उहाँले बताउनुभयो ।

मुटुको सबै खालका शल्यक्रिया यहाँ हुने गरेको भन्दै उहाँले यहाँबाट बिरामी काठमाडौँ नभएर काठमाडौँबाट धेरै बिरामी यहाँ आउने गरेको दाबी गर्नुभयो । चितवनमा उच्चस्तरका प्रयोगशाला, इमेजिङ्ग सेन्टर पनि रहेका छन् । त्यसका कारण रोग पहिचानमा पनि सहज हुने गरेको छ । आँखा उपचारका लागि नेपाल नेत्रज्योति सङ्घले भरतपुरमा सञ्चालन गरेको भरतपुर आँखा अस्पतालमा चितवन र छिमेकी जिल्लाका बिरामी आउने गर्दछन् । यहाँका अस्पतालहरुमा चितवन र छिमेकी जिल्लाबाट बिरामी आउने गरेका छन् ।

क्यान्सरका बिरामी देशैभर र भारतबाटसमेत आउने गर्दछन् । सरकारी बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लामो पालो कुर्नुपर्दा बाहिर जाने बिरामी अहिले यही चितवन मेडिकल कलेजले सञ्चालन गरेको क्यान्सर इन्स्टिच्यूटमा त्यहीको दररेटमा उपचार पाउने भएपछि बाहिर जान छाडेका छन् । केही वर्ष अघिसम्म बाल सघन उपचार कक्ष नहुँदा धेरै बालबालिकाको अकालमा ज्यान जाने गर्दथ्यो । त्यस्तै मुटु र टाउकोको उपचार नपाउँदा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था थियो । अहिले यी सबैको सेवा यहीं उपलब्ध भएसँगै धेरैको ज्यान बचेको छ । रासस

# कोइला अभावले टक्सारको परम्परागत धातु उद्योग सङ्कटमा




भोजपुर । यहाँको ऐतिहासिक टक्सार बजार औद्योगिक, व्यापारिक तथा सांस्कृतिक पहिचान बोकेको क्षेत्रका रूपमा चिनिन्छ । यहाँ विगत लामो समयदेखि परम्परागत धातुका सामग्री-विशेषतः कांस, तामा र पित्तलका भाँडाकुँडा तथा अन्य सामग्री-निर्माण हुँदै आएको छ ।

पुस्तौँदेखि निरन्तर चल्दै आएको यो परम्परागत पेसा पछिल्लो समय धातु पगाल्न आवश्यकपर्ने कोइलाको अभावका कारण सङ्कटमा पर्दै गएको छ । पञ्चायतकालदेखि बहुदलीय व्यवस्था स्थापनासम्म टक्सारमा सञ्चालनमा रहेका धातु उद्योगले लाखौँ रुपैयाँ मूल्य बराबरका सामग्री उत्पादन गर्दै आएका थिए ।

यहाँ उत्पादित कांसका भाँडाकुँडा तथा अन्य सामग्री जिल्लासँगै तराईका विभिन्न सहरमा पुग्ने गर्थे । तर, आवश्यक कोइला, कच्चापदार्थको अभाव, लागत वृद्धि र पेसाप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जाँदा पछिल्लो समय टक्सार बजार क्रमशः सुनसान बन्दै गएको स्थानीयवासी विनोद ताम्राकारले बताउनुभयो ।यहाँका घरेलु उद्योग सञ्चालकको सबैभन्दा ठूलो समस्या कोइला अभाव नै भएको उहाँको भनाइ छ । उद्योग सञ्चालनका लागि आवश्यक कोइला बजारमा सहज रूपमा नपाइने भएपछि आफैँले रुख काटेर कोइला बनाउनुपर्ने बाध्यता रहेको उहाँले जानकारी दिनुभयो ।

"कांसको काम सुरु गरेदेखि अन्त्यसम्म कोइला अनिवार्य पर्छ", उहाँले भन्नुभयो, "अहिले कोइला पाउन निकै कठिन छ, कोइलाको अभावकै कारण धेरै कालीगढ पेसा छाड्न बाध्य भएका छन् ।"दसकौँ अघि सयौँको सङ्ख्यामा सञ्चालनमा रहेका धातु उद्योग अहिले आएर पाँच वटामा मात्र सीमित भएका छन् । कोइला मात्र होइन, मैनलगायत अन्य स्थानीय कच्चापदार्थ पनि सहज रूपमा नपाउँदा पेसा धान्न झनै कठिन बन्दै गएको अर्का स्थानीय सुरजबहादुर उदासले बताउनुभयो ।

"कोइलाबिना कांसको काम सम्भव नै हुँदैन", उहाँले भन्नुभयो, "कांस पगाल्न, मैन पगाल्न सबैमा कोइला चाहिन्छ, अहिलेको अवस्थामा कोइलाको कारणले पेसा जोगाउने कि छाड्ने भन्ने अवस्थामा पुगेका छौँ ।"स्थानीयका अनुसार राणा तथा पञ्चायती शासनकालमा विशेष प्रसिद्धि कमाएको टक्सारको धातु उद्योगले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै क्षेत्रीय अर्थतन्त्रलाई चलायमान बनाएको थियो । तर, पछिल्लो समय स्थानीयवासीको पलायन, कच्चापदार्थको अभाव, आधुनिक उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्नु र सरकारी सहयोगको कमीका कारण यो परम्परागत उद्योग क्रमशः धराशायी बन्दै गएको छ ।

स्थानीयवासीले टक्सारको ऐतिहासिक पहिचान जोगाउन कोइला आपूर्तिमा सहजीकरण, परम्परागत उद्योग प्रवर्द्धनका कार्यक्रम र कालीगढलाई लक्षित राहत तथा प्रोत्साहनका नीति आवश्यक रहेको बताउँदै आएका छन् ।रासस


## धितोमा रहेको अचल सम्पत्ति बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर समयमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक-पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज आदि नतिर्ने ऋणीहरुको लिलामीको सूचना प्रकाशित गर्दा पनि कर्जाको साँवा, ब्याज तथा हर्जाना ब्याज भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६ औं दिनमा यसै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत तथा व्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराउँदछौ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुवाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता, धितो जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ । साथै धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सुचना केन्द्रमा कालो सुचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सुचनाद्वारा अवगत गराईन्छ ।

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| १. कषि कर्जा नं. ००१०३६०००१ २०३१००००००२ | ऋणीको नाम : जय माँता दि कृषि तथा पशुपंक्षी फार्म को प्रो. श्याम सुन्दर साह लहेरी<br>बाजेको नाम : राम लोचन साह लहेरी<br>बुवाको नाम : मंगल साह लेहेरी<br>जि. धनुषा, क्षिरेश्वरनाथ - ५<br>हाल जि. धनुषा, क्षिरेश्वरनाथ न.पा. - ५<br>धनजमानीकर्ता - गिता कुमारी साह,<br>हाल जि. धनुषा, क्षिरेश्वरनाथ न.पा. - ५ | निज ऋणी जय माँता दि कृषि तथा पशुपंक्षी फार्मको प्रो. श्याम सुन्दर साह लहेरी को नाउमा दर्ता कायम रहेको जि. धनुषा, गा.वि.स. हरीहरपुर - १, सि. नं. १ग कित्ता नं. ८२१८ को क्षेत्रफल ०-०-६-०, ऐ. ऐ. वाडा न. १ग को कित्ता नं. ८२१६ को क्षेत्रफल ०-०-४-० घर समेत जग्गाहरु र लिगलगा पात समेत । |
| २. व्यापार कर्जा नं. ००१०३१०००१ ८५०२००००००२ | ऋणीको नाम : माँ जानकी किराना एण्ड जेनरल स्टोर्स को प्रो. सुनिता कुमारी साह<br>ससुराको नाम : देव नारायण साह<br>पतिको नाम : उदय चन्द्र साह कानु<br>जि. महोत्तरी, सरपल्लो - ९<br>हाल जि. ध. जनकपुरधाम उ.म.न.पा. ८ बजरंग चौक<br>धनजमानीकर्ता - उदय चन्द्र साह कानु<br>हाल जि. ध. जनकपुरधाम उ.म.न.पा. ८ बजरंग चौक | निज ऋणी को पति उदय चन्द्र साह कानु को नाउमा दर्ता कायम रहेको जि. महोत्तरी, २५नं. बहादुरगंज वार्ड नं. - १, कित्ता नं. २७५५ को क्षेत्रफल ०-०-९-०, ऐ. ऐ. वार्ड नं. १ख को कित्ता नं. ३०१९ को क्षेत्रफल ०-०-१५-८, जिल्ला धनुषा जनकपुर वार्ड नं. ८ को सिट नं. १३५५१६ को कित्ता नं. २२४ को क्षेत्रफल ०-०-९-२ र ऐ.ऐ. कित्ता नं. २३७ को क्षेत्रफल ०-०-४-० घर जग्गाहरु र लिगलगा पात समेत । |
| ३. जग्गा खरिद कर्जा नं. ००१०३३०००० ६६११००००००२ | ऋणीको नाम : उसुदेव रियल स्टेट एण्ड ईन्भेस्टमेन्ट प्रा. लि. को प्रो. सुनिता कुमारी साह<br>ससुराको नाम : देव नारायण साह<br>पतिको नाम : उदय चन्द्र साह कानु<br>जि. महोत्तरी, सरपल्लो - ९<br>हाल जि. ध. जनकपुरधाम उ.म.न.पा. ८ बजरंग चौक<br>धनजमानीकर्ता - उदय चन्द्र साह कानु<br>हाल जि. ध. जनकपुरधाम उ.म.न.पा. ८ बजरंग चौक | निज ऋणी सुनिता कुमारी साह को नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, २५ नं.बहादुर गंन्ज वडा नं.-.१ख कित्ता नं.२९२७ को क्षेत्रफल ०-१-१७-० जग्गा, जिल्ला धनुषा जनकपुर वडा नं ८ को सिट नं १३५४१३ को कित्ता नं.९३ को क्षेत्रफल ०-०-८-० घर जग्गा, जिल्ला महोत्तरी, २५ नं. बहादुर गन्ज वडा नं. १ग को कित्ता नं. ५९९ को क्षेत्रफल ०-१-१०-० जग्गाहरु र निज ऋणीको पती उदय चन्द्र साह कानु को नाउँमा दर्ता कायम रहेको, जिल्ला धनुषा बिन्धी वाडा नं. १ को कित्ता नं. २२९ को क्षेत्रफल ०(३(०(० जग्गा, जि. महोत्तरी २५ नं.बहादुर गन्ज वडा नं. ३ख कित्ता नं.२४७ को क्षेत्रफल ०-२-१७-० जग्गाहरु र लिगलगा पात समेत । |
| ४क. व्यापार कर्जा नं. ००१०३१०००० ६७४२००००००२ र | ऋणीको नाम : प्रदिप हार्डवेयर स्टोर्स को प्रो. प्रदिप कुमार महरा<br>बाजेको नाम : नथुनी महरा<br>बुवाको नाम : किसुन देव महरा<br>जि. धनुषा ,गा.पा. भुचक्रपुर वडा नं.-०२<br>हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक) | निज ऋणीको बुवा किसुन देव महरा को नाउँमा रहेको जि. ध. गा.पा. भुचक्रपुर वडा नं.-२ किता नं-६९३ को क्षेत्रफल ०-५-०-० र जिल्ला महोत्तरी गा.पा. भँगहा वार्ड नं.-१ को किता नं.२८० को क्षेत्रफल ०-१०-०-० जग्गाहरु र लिगलगा पातसमेत । |
| ख. व्यक्तिगत कर्जा नं. ००१०४६०००० ६७६४००००००२ | ऋणीको नाम : प्रदिप कुमार महरा<br>बाजेको नाम : नथुनी महरा<br>बुवाको नाम : किसुन देव महरा<br>धनजमानीकर्ता - किसुन देव महरा<br>जि. धनुषा ,गा.पा. भुईचक्रपुर वडा नं.-०२<br>हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक)<br>धनजमानीकर्ता - दुलारी देवी महरा<br>जि. धनुषा ,गा.पा. भुईचक्रपुर वडा नं.-०२<br>हाल वटेश्वर गा.पा-०२ (पाटो टोल चौक) | निज ऋणीको हजुर आमा दुलारी देवी महराको नाउँमा रहेको जि. ध. भुचक्रपुर वार्ड नं.-.२ किता नं. ५२८ को क्षेत्रफल ०-३-०-० घरजग्गा र लिगलगा पातसमेत ।<br>ऐ. ऐ. |
| ५. व्यापार कर्जा नं. ००१०३१०००० ६४८३००००००२ | ऋणीको नाम : सरस्वती स्टोर्स को प्रो. देव शंकर साह<br>बाजेको नाम : जिया लाल<br>बुवाको नाम : रामजी साह<br>जि. महोत्तरी, मटीहानी न.पा.- ६ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि.म. मटीहानी न.पा.वडा नं.६ सिट न.१७५०१८९११ कि.नं.६३ को क्षेत्रफल ७९.४ वर्ग मिटर, ऐ.ऐ. जि. महोत्तरी मटीहानी न.पा. वडा नं.६ कि.नं. ६६ को क्षेत्रफल १३३.४० वर्ग मिटर घर जग्गाहरु र लिगलगा पात समेत । |
| ६. व्यापार कर्जा नं. ००१०३१०००० १७७९००००००१ | ऋणीको नाम : परिक्षण राउत<br>बुवाको नाम : सुखलाल राउत<br>बाजेको नाम : झरी राउत<br>जि. धनुषा, घोडघास ४,<br>हाल जिल्ला धनुषा, सपही ३ , गजरिया | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, अजगेवा हरिनमरी वडा नं. ९ सिट नं.९क कित्ता नं. ४५८ को क्षेत्रफल ०-१-७-० र ऐ. ऐ. कित्ता नं.४६१ को क्षेत्रफल ०-२-१.२-० जग्गाहरु र लिगलगा पात समेत । |
| ७क. कृषि कर्जा नं. ००३०३६०००२० ८५७००००००२ र | ऋणीको नाम : राधे एग्रो इण्डस्ट्रीज एण्ड सप्लायर्स प्रा. लि. को प्रो. संजिव कुमार साह<br>बाजेको नाम : भोला साहु<br>बुवाको नाम : राजेन्द्र साहु<br>जि. धनुषा, क्षीरेश्वरनाथ न.पा. - ९<br>हाल जिल्ला धनुषा, जनकपुरधाम उप म.न.पा. ९<br>धनजमानीकर्ता - राजेन्द्र साहु<br>जिल्ला धनुषा, जनकपुरधाम उप म.न.पा. ९ | निज ऋणीको बुवा राजेन्द्र साहुको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, यज्ञभुमि वार्ड नं. ९ सीट नं. ९ख कित्ता नं. ४४३ को क्षेत्रफल ०-५-७-० जग्गा र लिगलगा पात समेत र ऋणी संजिव कुमार साहको नाउँमा दर्ता कायम जि. धनुषा, वसविट्टि वार्ड नं. ३ कित्ता नं. २६१ को क्षेत्रफल ०-४-२-० जग्गा र लिगलगा पात समेत । |
| ख. व्यक्तिगत कर्जा नं. ००३०३८०००२ ०६९४००००००२ | ऋणीको नाम : संजिव कुमार साह<br>बाजेको नाम : भोला साहु<br>बुवाको नाम : राजेन्द्र साहु<br>जि. धनुषा, क्षीरेश्वरनाथ न.पा. - ९<br>हाल जिल्ला धनुषा, जनकपुरधाम उप म.न.पा. ९ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा बसविट्टी वार्ड नं. ३ कित्ता नं. २६१ को क्षेत्रफल ०-४-२-० जग्गा र लिगलगा पात समेत । |
| ८. व्यक्तिगत कर्जा नं. ००१०३८०००० ५६१००००००००२ | ऋणीको नाम : सतेन्द्र कुमार निधि<br>बाजेको नाम : राजेश्वर निधि<br>बुवाको नाम : शिव नारायण निधि<br>जि. धनुषा , नगराईन -२<br>हाल : जि. ध. नगराईन न.पा.-२ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. ध. गा.वि.स.,न.पा नगराईन वडा नं.३ किता नं.१२३३ सिट नं.०-१-१४-१०, ऐ, ऐ वडा नं.२।ग कित्ता नं.१८१ को क्षेत्रफल ०-४-१८-६, ऐ ऐ वडा नं.४ कित्ता नं.७९५ को क्षेत्रफल ०-६-१६-८ जग्गा लिगलगा पात समेत । |
| ९. व्यक्तिगत कर्जा नं. ००१०३८०००० १६८२००००००३ | ऋणीको नाम : जनारसी देवी यादव<br>ससुराको नाम : सेवकी यादव<br>पतिको नाम : राम जुलुम यादव<br>जि. धनुषा, सपही - ४<br>हाल लक्ष्मीनिया गा.पा. - ३ (अगिलेशवा टोल) | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. धनुषा उ.म.न.पा - ९ सिट नं. १३५५-०२ किता नं. ९८ क्षेत्रफल ०-०-५-१.२५ घर-जग्गा र लिगलगा पात समेत । |
| १०. व्यक्तिगत कर्जा नं. ००१०४६०००० ६६८२००००००३ | ऋणीको नाम : अजय कुमार मण्डल<br>बाजेको नाम : विसो मण्डल<br>बुवाको नाम : रमेश्वर मण्डल<br>जि. महोत्तरी, मटिहानी - ५<br>हाल जि. महोत्तरी ,मटिहानी न.पा. -७<br>धनजमानीकर्ता - रमेश्वर मंडल<br>हाल जि. महोत्तरी ,मटिहानी न.पा. -७ | निज ऋणीको बुवा रमेश्वर मण्डलको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी वार्ड नं. ८ कित्ता नं. ६०२ को क्षेत्रफल ०-०-१०-० जग्गा र लिगलगा पात समेत । |
| ११.व्यक्तिगत कर्जा नं. ००२०३८०००० ९५७९००००००२ | ऋणीको नाम : धानो देवी कापर<br>ससुराको नाम : लक्ष्मी कापर<br>पतिको नाम : शम्भु कापर<br>जि. महोत्तरी, भ्रमरपुरा - ८<br>हाल जि. महोत्तरी लोहरपट्टी न.पा.- १ भ्रमरपुरा | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जि. महोत्तरी, पिपरा कविरगाम्मा वार्ड नं. ९क, कित्ता नं. १३५१ को क्षेत्रफल ०-०-१२-० जग्गा र लिगलगा पात समेत । |

**शर्तहरू :**

१. सिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको कार्यालयमा, कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रबालाको सम्पुर्ण विवरण (नाम, ठेगाना) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र " समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको प्रभु बैंक लि., जनकपुर शाखाको हिसाव नं.०५३००२२००८००००१२ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम दिन र बोलपत्र खोल्ने दिन वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाँकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोल्ने मिति :२०८२ साल फाल्गुन १० गते आइतवारका दिन दिउंसो ३:00 बजे ।**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
**JANAKI FINANCE COMPANY LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था, प्रादेश स्तरीय (मधेश प्रदेश)
"सुलभ तथा सजिलो वित्तीय सेवा"
सम्पर्क नं. ०४१-५९०५८७ र ८८

# काठमाण्डूमा पनि मधेश केन्द्रित दलहरुको उम्मेदवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । काठमाण्डू केन्द्रित प्रमुख दलहरु भनिएका पार्टीका नेताहरु तराई मधेशमा चुनाव लड्न थालेपछि तराई-मधेश केन्द्रित दलहरूले यो पटकको निर्वाचनमा पनि काठमाडौं उपत्यकामा आफ्नो उम्मेदवारी दिएका छन् ।

तीन जिल्ला समेटिएको काठमाण्डू उपत्यकामा १५ वटा निर्वाचन क्षेत्र छन् । उपत्यकाका यी १५ वटै निर्वाचन क्षेत्रमा मधेश केन्द्रित दलहरु जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल), राष्ट्रिय मुक्ति पार्टी (रामुपा) र आम जनता पार्टी (आजपा) ले उम्मेदवारी दिएका छन् । देशभर आफ्नो संगठन रहेको दाबी गर्दै आइरहेका ती दलहरूले आफ्नो प्रभाव काठमाण्डूमा पनि देखाउन चाहेको छ ।

फागुन २१ गते हुने निर्वाचनमा काठमाण्डू १ बाट जसपा नेपालबाट प्रकाश नायजु र राष्ट्रिय मुक्ति पार्टीबाट इन्द्रप्रसाद श्रेष्ठ उम्मेदवार बनेका छन् । क्षेत्र नम्बर २ बाट रामुपाबाट नर्वदा कुमारी भट्टराई र आजपाबाट तिलकबहादुर मगर उम्मेदवार छन् । क्षेत्र नम्बर ३ मा जसपा नेपालबाट प्रनिलध्वज कार्की र आजपाबाट रुपसागर देवी, क्षेत्र नम्बर ५ मा जसपा नेपालबाट दानिन्द्र जोशी र आजपा नेपालबाट कोमल पौडेल मैदानमा छन् ।

यस्तै, क्षेत्र नम्बर ६ मा रामुपा नेपालबाट इन्दिरा थापा र आजपा नेपालबाट सफलता बोगटी उम्मेदवार छन् । क्षेत्र नम्बर ७ मा जसपा नेपालबाट बाबुराम लामा, रामुपाबाट विभिन्न पन्त र आजपा नेपालबाट प्रदीप भट्टराई उम्मेदवार बनेका छन् ।

क्षेत्र नम्बर ८ मा जसपा नेपालबाट सरोजराज वैद्य, रामुपाबाट मुक्तिनाथ शर्मा र आजपाबाट खगेस रञ्जितकार उम्मेदवार छन् । क्षेत्र नम्बर ९ मा जसपा नेपालबाट रणवीर क्षेत्री सिंह, रामुपाबाट मदन डंगोल र आजपा नेपालबाट इरस श्रेष्ठ उम्मेदवार छन् । क्षेत्र नम्बर १० मा



जसपा नेपालबाट भगरीत साह उम्मेदवारी दिएका छन् ।

भक्तपुर क्षेत्र नम्बर १ मा जसपा नेपालबाट श्यामसुन्दर शिल्पकार र आजपाबाट देवेन्द्र ठाकुर चुनावी मैदानमा भने क्षेत्र नम्बर २ मा जसपा नेपालबाट नवीन श्रेष्ठ र आजपाबाट देवकुमारी साह उम्मेदवार बनेका छन् ।

त्यसैगरी ललितपुर क्षेत्र नम्बर १ मा जसपा नेपालबाट महावीर स्याङ्तान तामाङ र आजपाबाट किरण महर्जन उम्मेदवार छन् । क्षेत्र नम्बर २ मा जसपा नेपालबाट रोहनी कस्ती र आजपाबाट लाखेन्द्रकुमार साह उम्मेदवार बनेका छन् । क्षेत्र नम्बर ३ मा जसपा नेपालबाट कृष्णदेवी महर्जनले चुनावमा खडा भएका छन् ।

यस पटक डा. सीके राउत नेतृत्वको जनमत पार्टीले भने काठमाण्डू उपत्यकाभर कतै पनि उम्मेदवारी दिएको छैन । गत निर्वाचनमा भने सो पार्टीले काठमाण्डू उपत्यकाभरिमा चार जनालाई उम्मेदवार बनाएको थियो । जनमत पार्टीका महासचिव चन्दन सिंहले भने, 'उम्मेदवारी दिने हाम्रो तयारी थियो । उपत्यकामा हाम्रो संगठन पनि छ, तर सोचेअनुसार मत नआउने देखिएकाले उम्मेदवार उठाएनौं ।'

उनका अनुसार जनमत पार्टीको आधार क्षेत्र मधेस भएकाले काठमाण्डूमा मत नपाउने निष्कर्षमा पार्टी पुगेपछि उम्मेदवारी नदिएको हो । 'बेकारमा उम्मेदवार खडा गरेर समय र पैसा खर्च गर्नुभन्दा तराई-मधेसमै केन्द्रित हुने निर्णय पार्टीको रहेको,' उनले भने ।

गत निर्वाचनमा काठमाडौं-१ बाट जनमत पार्टीका हरेन्द्र चौधरीले २२ मत ल्याएका थिए । त्यस्तै, क्षेत्र नम्बर ३ बाट गोविन्द नेपालले ३४, क्षेत्र नम्बर ८ बाट शान्तबहादुर शाक्यले ९० र क्षेत्र नम्बर २ बाट गणेशप्रसाद पुडासैनीले १६४ मत प्राप्त गरेका थिए ।

गत वर्ष महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोसपा नेपालले पनि उम्मेदवारी दिएको थियो । यस पटक भने उक्त पार्टी जसपा नेपालसँग एकता गरिसकेको छ । गत वर्ष नागरिक उन्मुक्ति पार्टीले पनि उम्मेदवार खडा गरेको थियो, तर यस पटक रामुपा नेपाललाई साथ दिएको छ । गत वर्ष एक सिटमा उम्मेदवारी दिएको हृदयश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी पनि जसपा नेपालमा समाहित भइसकेको छ ।

मोहम्मद रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले पनि काठमाण्डू उपत्यकाबाट यस पटक उम्मेदवारी दिएको छैन । उम्मेदवारी दिए पनि विगतको तुलनामा यस पटक जसपा नेपालले काठमाण्डू उपत्यकाप्रति खासै उत्साह देखाएको छैन । गत निर्वाचनमा जसपा नेपालमा रहेका राजेन्द्र श्रेष्ठ र विद्युत् बज्राचार्य नेकपामा प्रवेश गरेपछि पार्टीको उपस्थिति कमजोर बनेको थियो ।

जसपा नेपालका नेता पूर्ण बस्नेत भन्छन्, 'यो लज्जास्पद मत हो, तर जनताले दिएको विश्वासलाई हामी तोड्न सक्दैनौं । जति मत पाएका छौं, तिनै जनताको प्रतिनिधित्व गर्ने दायित्वका कारण उम्मेदवारी दिएका हौं ।'

उनले यस पटक मत बढ्नेमा विश्वास व्यक्त गर्दै पार्टीको आधार क्षेत्र मधेस भएकाले काठमाण्डू उपत्यकामा जनविश्वास कम देखिएको बताए । पहिचान, समावेशीता र लोकतन्त्रका मुद्दामा जसपा नेपाल अरू दलभन्दा स्पष्ट रहेको दाबी गर्दै उनले भविष्यमा उपत्यकाका मतदाताले पनि पार्टीलाई विश्वास गर्न सक्ने अवस्था आउने बताए ।

पहिलो पटक काठमाण्डू उपत्यकामा उम्मेदवारी दिएको आजपा नेपालले भ्रष्टाचारविरुद्धको मुद्दालाई मुख्य एजेन्डा बनाएको छ । आजपा नेपालका काठमाडौं सचिव रामनारायण साहका अनुसार सबैभन्दा बढी भ्रष्टाचार हुने क्षेत्र नै काठमाण्डू उपत्यका भएकाले यहाँ उम्मेदवारी दिएको हो । भन्सारमा हुने भ्रष्टाचारविरुद्ध पटक-पटक आन्दोलन गरेको उल्लेख गर्दै उनले त्यसको प्रभाव मतमा देखिने विश्वास व्यक्त गरेका छन् ।

# सुशासन र विकास उज्यालोको प्राथमिकता



**टुडे समाचारदाता**

जनकपुरधाम । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सुशासन, पारदर्शीता र विकास आफ्नो पार्टीको प्राथमिकतामा रहेको बताएका छन् ।

चुनाव प्रचार प्रसारको क्रममा बिहीबार जनकपुरधाममा आइपुगेका घिसिङ्गले पत्रकार सम्मेलन आयोजना गरी जनताको अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखेर पार्टी अघि बढिरहेको उल्लेख गर्दै सुशासन, पारदर्शिता र विकासलाई आफ्नो पार्टीको प्राथमिकतामा बताए ।

समसामयिक राजनीतिक अवस्था र पार्टीको आगामी कार्ययोजना बारे धारणा राख्दै अध्यक्ष घिसिङले मधेस क्षेत्रको विकास, रोजगारी सिर्जना र युवाको सहभागिता बढाउन विशेष कार्यक्रम ल्याइने प्रतिबद्धता जनाए ।

वर्तमान राजनीतिक व्यवस्थाप्रति जनतामा बढ्दो निराशालाई सम्बोधन गर्न वैकल्पिक राजनीति आवश्यक रहेको धारणा व्यक्त गरे । साथै, उज्यालो पार्टी जनताको आवाज बनेर जिम्मेवार भूमिकामा प्रस्तुत हुने प्रतिबद्धता समेत व्यक्त गरे ।

चुनावी अभियानको सिलसिलामा मधेश दौडाहामा रहेका उज्यालो नेपाल पार्टीका अध्यक्षले घिसिङ्गले यसअघि धनुषाधामस्थित धनुष मन्दिर र जनकपुरधामको जानकी मन्दिरमा दर्शन तथा पूजापाठ गरेका थिए ।

विगतमा नेपाल विद्युत प्राधिकरणको नेतृत्व गर्दा लोडसेडिङ अन्त्य गरी घर-घरमा उज्यालो पुऱ्याएको स्मरण गर्दै अध्यक्षले अब राजनीतिक माध्यमबाट देशका अन्य क्षेत्रको 'अँध्यारो' हटाउने दाबी गरे ।

मन्दिर दर्शनको क्रममा संचारकर्मीहरुसँग कुरा गर्दै उनले भने "हामीले बिजुलीको लोडसेडिङ त हटायौं, तर अब राजनीति, कृषि, र सुशासनको क्षेत्रमा रहेको अँध्यारो हटाएर देशलाई पूर्ण रूपमा उज्यालो बनाउनु छ ।"

# कांग्रेसको एजेण्डा घर घरमा पुऱ्याउन आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नं. ४ मा नेपाली कांग्रेसबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार महेन्द यादवले क्षीरेश्वरनाथ नगरपालिकामा वडास्तरीय भेला सम्पन्न गरेका छन् ।

बिहीवार नगरपालिकाको वडा नम्बर ५ महेन्द्रनगरमा आयोजित वडास्तरीय भेलामा निर्वाचनको प्रचार प्रसारको तयारी बारे चर्चासँगै पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार यादवले आगामी निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि निर्णायक हुने बताए ।

उनले कांग्रेस पार्टी जनताको अधिकार, विकास र समावेशी लोकतन्त्रको पक्षमा निरन्तर उभिँदै आएको उल्लेख गर्दै भने, "यो चुनाव केवल व्यक्ति जित्ने वा हार्ने विषय होइन, यो जनताको भविष्यसँग जोडिएको एजेण्डा पनि रहेकाले सबै कार्यकर्ता एकताबद्ध भई घर-घरमा कांग्रेसको एजेन्डा पुऱ्याउन आग्रह गरे ।"

कांग्रेस जिल्ला सभापति योगेन्द्र पजियारले कांग्रेस पार्टी जनताको भरोसाको पार्टी भएको उल्लेख गर्दै संगठन विस्तार र कार्यकर्ता परिचालनमा जोड दिए । उनले भने, "जनताको सुख-दुःखमा सधैं साथ दिने पार्टी कांग्रेस हो । आगामी निर्वाचनमा त्यसको पुष्टि हुने गरी हामी सबै मैदानमा खटनुपर्ने आवश्यक रहेको छ ।"

भेलाका अध्यक्ष लालबाबु यादवले संगठन मजबुत बनाउन वडा तहको भूमिका महत्वपूर्ण हुनुपर्नेमा जोड दिए । सहभागी वक्ताहरूले आगामी निर्वाचनलाई लक्षित गर्दै संगठनात्मक तयारी, प्रचार-प्रसार र जनसम्पर्क अभियानलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नगरध्यक्ष समेत रहेका लालबाबु यादवको अध्यक्षतामा सम्पन्न भेलामा धनुषा क्षेत्र नं. ४ अन्तर्गतका विभिन्न वडाका वडा सभापतिहरू, पार्टीका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

# रास्वपा उम्मेदवारमाथि भ्रष्टाचार आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका उम्मेदवार अमरकान्त चौधरीलाई भ्रष्टाचार मुद्दामा बयानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हाजिर हुन बोलाएको छ ।

विद्यालय भवन निर्माणमा भ्रष्टाचार गरेको भनी आयोगले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चौधरीसहित नौ जनालाई बयानका लागि आयोगको इटहरीस्थित कार्यालयमा उपस्थित गराउन डाक्नेश्वरी नगरपालिकालाई माघ २० नै पत्राचार समेत गरेको छ ।

डाक्नेश्वरी नगरपालिका-५ स्थित श्रीकान्त चन्द्र नमुना माध्यमिक विद्यालयको भवन निर्माणमा मिलेमतो गरी भ्रष्टाचार गरेको भनी परेको उजुरीमा अनुसन्धान गर्नुपर्ने भएकाले माघ २३ गते उपस्थित गराई दिन हुन भनी नगरपालिकालाई पत्राचार गरेको हो ।

नगरपालिकाका नगर प्रमुख रामलखन मलाहले भने आयोगको यो पहिलो पत्र होइन विभिन्न शिर्षकमा भ्रष्टाचार सम्बन्धी चार/पांचवटा पत्र आइसकेको छ । हाजिर हुन पटक पटक आग्रह गर्दा



पनि चौधरीले अटेर गर्दै आएको छ । उनले थप्दै भने आफूले यस विषयमा धेरै पटक सम्पर्क गर्न खोज्दा पनि उनी काठमाण्डू बस्दै आएको भेट हुन सकेको छैन । तर यसपटक प्रशासनको सहयोगमा उनलाई बयानका लागि अख्तियारको जिम्मा लगाउनेछौं भने ।

उनका अनुसार उनकै बुवा विद्यालयका लागि दान दिएको जग्गामा नमूना विद्यालय अन्तर्गतको शिर्षकमा भवन निर्माण, पुस्तक वितरण, प्रयोगशाला, कम्प्यूटर ल्याब गरी एक करोडभन्दा बढीको बजेट संघ सरकारबाट रहेको थियो । जसमध्ये ४९ लाख रुपैया भ्रष्टाचार गरेको भनी उजुरी परेको हो । उनको परिवारले विद्यालयको नाममा दानमा दिएको जग्गामा फुटबल खेल ग्राउण्ड निर्माण भनी माटो भराउन करीब ९० लाख रुपैया भ्रष्टाचार गरेको भन्ने समेत रहेको बुझिएको नगरप्रमुख मलाहले बताए ।

उनका अनुसार पत्रमा बयानका लागि हाजिर गराउन भनिएकाहरुमा चौधरीसहित योगेन्द्र प्रसाद मेहता तत्कालिन प्रधानाध्यापक र सुभाष कुमार साह तत्कालिन सह प्रधानाध्यापक हुन भने विद्यालय व्यवस्थापन समितिका सदस्यहरु सतेन्द्र मण्डल, रुन्जी देवी सादा, कवितासिंह, श्यामाला देवी मण्डल, दुखरण मण्डल, रामसागर मण्डल रहेका छन् ।

# मधेशमा ५६ जनाको हत्या

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा ५६ जनाको हत्या भएको छ । प्रहरीका अनुसार ४८ घन्टा भित्र तीनजनाको हत्या भएको हो ।

श्रृंखलाबद्ध रूपमा भएका यी घटनाले मधेशमा भय-त्रासको वातावरण सिर्जना भएको छ । यी घटना चुनावसँग सम्बन्धित त छैनन् । तर चुनावी माहोलका बेला भएकाले भय सिर्जना भएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशका ८ जिल्लामा ५६ जनाको हत्या भएको हो । मृतकहरूमध्ये २६ जना पुरुष र १८ जना महिला छन् । यस्तै, ९ जना बालक र ३ जना बालिका रहेको तथ्यांकमा उल्लेख छ ।

जिल्लागत तथ्यांक अनुसार सबैभन्दा बढी हत्या सप्तरी जिल्लामा भएको छ । सप्तरीमा १३ जनाको हत्या भएकोमा ५ जना पुरुष, ६ जना महिला तथा एक/एक जना बालक र बालिका छन् ।

त्यसैगरी, सो अवधिमा



धनुषा र सिरहामा ९-९ जनाको हत्या भएको छ । धनुषामा ४ जना महिला, २ जना पुरुष, २ जना बालक र १ जना बालिका छन् । सिरहामा ४ जना पुरुष, ३ जना महिला तथा एक-एक जना बालक र बालिका रहेका छन् ।

रौतहटमा ८ जनाको हत्या भएको छ, जसमा ४ जना पुरुष, २ जना महिला र २ जना बालक छन् । पर्सामा ६ जनाको हत्या भएकोमा ३ जना पुरुष, २ जना महिला र १ जना बालक रहेका छन् ।

महोत्तरी र सर्लाहीमा ४-४ जनाको हत्या भएको छ । महोत्तरीमा ३ जना पुरुष र १ जना महिला छन् भने सर्लाहीमा ४ जना पुरुषको हत्या भएको तथ्यांक छ । सो अवधिमा सबैभन्दा कम बारामा ३ जनाको हत्या भएको छ, जसमा १ जना पुरुष र २ जना बालक छन् ।

यी घटनाहरूमा पारिवारिक विवाद, आपसी रिसइबी, सामाजिक सञ्जाल, लागुऔषध प्रयोगलगायत कारणहरू रहेको एक प्रहरी अधिकारी बताउँछन् । गत आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशमा ९९ जनाको हत्या भएको थियो । जसमा ५३ जना पुरुष र ३६ जना महिला छन् ।

यस्तै ५ जना बालक र ६ बालिका रहेको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांक रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा मधेशमा १२७ जनाको हत्या भएको थियो भने आव २०७९/०८० मा १०९ जनाको हत्या भएको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

# सवारी दुर्घटनामा असईको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिका वडा नं. ६ मालटोलमा भएको सवारी दुर्घटनामा एक जना प्रहरी असईको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन् ।

धनुषा प्रहरीले जनाए अनुसार बिहिबार साँझ करिब ६:२० बजेको समयमा इटहरीबाट अमलेखगञ्जतर्फ गइरहेको ना ७ ख ३७१८ नम्बरको तेल ट्याङ्करले सोही दिशातर्फ गइरहेका प्र २-०३-००१ प ८७२० र प्र २-०१-००३ प ९९९३



नम्बरका दुईवटा मोटरसाइकललाई ठक्कर दिएको जानकारी दिएका छन् ।

दुर्घटनामा प्र २-०३-००१ प ८७२० नम्बरको मोटरसाइकल चालक, इ.प्र.का. चित्लाङ मकवानपुर दरबन्दी भई हाल इ.प्र.का. ढल्केवर धनुषामा लेखा प्रमुखका रूपमा कार्यरत प्रहरी असई देवानन्द फनैत गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता गणेश बमले जानकारी दिएका छन् ।

उनलाई उपचारका लागि मोडल अस्पताल लालगढ धनुषा पठाइएकोमा चिकित्सकले जाँचका क्रममा साँझ करिब ७:०० बजे मृत घोषणा गरेका हुन्। प्रहरी निरीक्षक फनैत कार्यालयको कामको सिलसिलामा इप्राका। भरतपुर धनुषा गई कार्यालयतर्फ फर्किँदै गरेका थिए ।

त्यस्तै, प्र २-०१-००३ प ९९९३ नम्बरको मोटरसाइकल चालक धनुषाधाम नगरपालिका-९ निवासी करिब ४५ वर्षीय रामकिशोर महतो पनि गम्भीर घाइते भएका छन् । उनलाई थप उपचारका लागि जनकपुरतर्फ पठाइएको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी पाए लगत्तै इ.प्र.का. यज्ञभूमि धनुषाबाट प्रहरी नायब निरीक्षकको कमाण्डमा टोलीले दुर्घटनामा संलग्न तेल ट्याङ्कर, दुवै मोटरसाइकल तथा ट्याङ्कर चालक सुनसरीको उर्लाबारी नगरपालिका-१ निवासी करिब ३६ वर्षीय दुर्गा माझीलाई इ.प्र.का. ढल्केवर धनुषाको नियन्त्रणमा लिइसकेको प्रवक्ता बलमे जनाएको छ ।

# जसपा नेपाल प्रदेश कोषाध्यक्षद्वारा राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपाल, मधेश प्रदेशका कोषाध्यक्षले पार्टी सदस्यताबाट राजीनामा दिएका छन् । उनले राजीनामा दिएको भन्ने पत्र औपचारिक रुपमै बुझाएका छन ।

राजीनामा पत्रमा उनले मधेश प्रदेश कोषाध्यक्षको रूपमा विभिन्न समितिमा काम गर्ने अवसर पाएकोप्रति पार्टीप्रति आभार व्यक्त गरेका छन् । आफ्नो



कार्यकालमा पार्टीका पदाधिकारी तथा सदस्यहरूबाट निरन्तर सहयोग, साथ र विश्वास प्राप्त भएको भन्दै उनले सबैप्रति धन्यवाद ज्ञापन गरेका छन् ।

आजको मितिदेखि पार्टीको सदस्य नरहने निर्णयसहित राजीनामा पेश गरिएको उल्लेख गर्दै उनले आफ्नो कार्यकालमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण पदाधिकारी र सदस्यहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८